



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ वैशाख १४ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 27 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३८

## ठोरी गापाको २७ पदका लागि ११७ जनाद्वारा उम्मेदवारी

माधव तिमल्सिना, ठोरी, १३ वैशाख/

आसन्न स्थानीय तहको निर्वाचनमा ठोरी गाउँपालिकामा २७ पदका लागि ११७ जना उम्मेदवारले प्रतिस्पर्धा गर्दैछन्।

तस्वीरः प्रतीक




वैशाख ११ र १२ गते दुई दिनमा गापाध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडासदस्य पदमा प्रतिस्पर्धा गर्न ११७ जनाले उम्मेदवारी दिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

वैशाख ३० गते हुने निर्वाचनमा प्रतिस्पर्धा गर्न नेकपा एमाले, नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातान्त्रिक पार्टी, नेकपा (एकीकृत समाजवादी) तथा स्वतन्त्रसहित ११ जनाले गापा अध्यक्षमा उम्मेदवारी दिएका छन्।

गापा अध्यक्षमा नेकपा एमालेबाट लालबहादुर श्रेष्ठ, नेकाबाट बृहस्पतिकृष्ण श्रेष्ठ, नेकपा माओवादीबाट पद्मलाल श्रेष्ठ, जसपाबाट विष्णु लोप्चन, लोसपाबाट खड्गबहादुर श्रेष्ठ, राप्रपाबाट दलबहादुर कार्की र नेकपा (एस)बाट गङ्गाबहादुर खड्काले उम्मेदवारी दर्ता गराएका छन् भने नातिकाजी सुनार, रूपबहादुर श्रेष्ठ, रत्न तामाङ र मोहन मगरले स्वतन्त्र उम्मेदवारी दर्ता गराएको ठोरीका निर्वाचन अधिकृत शिवराज न्यौपानेले जानकारी दिए।

गापा अध्यक्षमा पुरुष उम्मेदवार उठाएका सबै दलले उपाध्यक्षमा भने महिला उठाएका छन्। ठोरी गापाको उपाध्यक्ष पदमा मुख्य चार दलले छुट्टाछुट्टै प्रतिस्पर्धा गर्नेगरी महिला उम्मेदवार उठाएका छन्।

गापा उपाध्यक्षमा काङ्ग्रेसबाट चीनमाया लामा, एमालेबाट गोकुली रेग्मी, माओवादी केन्द्रबाट निरु तामाङ, जसपाबाट धना पण्डितले उम्मेदवारी दर्ता गरेको निर्वाचन कार्यालय, ठोरीले जनाएको छ। माओवादीबाट उपाध्यक्षमा उठेकी तामाङ केही समयअघि एमाले त्यागेर माओवादीमा प्रवेश गरेकी हुन् भने जसपाबाट उपाध्यक्षमा उठेकी धना पण्डित हालै माओवादी केन्द्र त्यागेर जसपामा प्रवेश गरेकी थिइन्।

पाँचवटा वडा रहेको ठोरी गापामा एमाले, नेका र जसपाले सबै वडामा अध्यक्ष पदमा उम्मेदवार उठाएका छन् भने नेकपा माओवादी केन्द्रले वडा नं १ बाहेक अन्य वडामा वडाध्यक्ष पदमा उम्मेदवारी दिएको छ। उसले तीन सदस्य लिंदै वडा नं १ मा काङ्ग्रेसबाट वडाध्यक्ष उम्मेदवार नवराज फुँयाललाई सघाउने गरी गठबन्धन गरेको नेका, ठोरीका सभापति सन्तोष श्रेष्ठले जानकारी दिए। उनका अनुसार वडा नं १ मा दलित महिला सदस्यसहित तीनजना उम्मेदवार माओवादी केन्द्रका र महिला सदस्य र वडाध्यक्षमा काङ्ग्रेसका उम्मेदवारलाई एकअर्काले सघाउने गरी गठबन्धन गरेको हो। सोही वडामा एमालेबाट धनमान थापा (राजेश) र जसपाबाट रामप्रकाश कुँवरले उम्मेदवारी दिएका छन्। जसपाका उम्मेदवार कुँवर केही दिनअघि

(बाँकी अन्तिम पातामा)

## जीराभवानी गापामा १२२ जनाद्वारा मनोनयनपत्र दर्ता

ओमप्रकाश चौधरी, सेढवा, १३ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि जीराभवानी गाउँपालिकामा विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले मनोनयनपत्र दर्ता गराएका छन्।

तस्वीरः प्रतीक



गापाको अध्यक्ष पदमा नेकपा एमालेबाट दुईजनाको उम्मेदवारी मनोनयन दर्ता भएको छ। संविधानसभा सदस्य तथा नेकपा एमाले, पर्साका अध्यक्ष जयप्रकाश थारूका जेठा छोरा कुनालमहतो थारू र गापाका निवर्तमान अध्यक्ष रामप्रीत महतोले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन्।

यस सम्बन्धमा जीराभवानी गापाको निर्वाचन अधिकृत झविन्द्रप्रसाद पाण्डेले कुनै पनि राष्ट्रियस्तरको राजनीतिक दलले दिएको टिकटको आधारमा उम्मेदवार बन्न मनोनयनपत्र दर्ता गर्न मिल्ने बताए। तर कुन उम्मेदवारले वैधानिकता पाउने विषयमा सो दलको आधिकारिक पत्रको आधारमा उम्मेदवार बन्न पाउने व्यवस्था रहेको उनले बताए।

एउटै पार्टी एमालेबाट दुईजनाको उम्मेदवारी दर्ता भएकोमा अब जसले पार्टीको आधिकारिक पत्र ल्याउँछ, उसैको उम्मेदवारी कायम रहने उनले बताए।

त्यस्तै, अध्यक्ष पदका लागि नेपाली काङ्ग्रेसबाट अनोज चौधरी, माओवादीबाट जयनारायण प्रसाद, जसपाबाट बिकाउप्रसाद भण्डारी, लोसपाबाट शम्भुप्रसाद यादव, नेपाल सुशासन पार्टीबाट शिरोमणि सापकोटा गरी सातजनाले अध्यक्ष पदमा मनोनयनपत्र दर्ता गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

उपाध्यक्षमा नेकपा एमालेबाट निवर्तमान उपाध्यक्ष उषादेवी थरुनी, नेकाबाट रेखा चौधरी, जसपाबाट बिन्दुदेवी थरुनी, नेकपा एसबाट सबरून नेशा गरी चारजनाले मनोनयनपत्र दर्ता गरेका छन्।

वडा नं १ को अध्यक्षमा नेकाबाट शेख नूमान आजम, एमालेबाट रामशरण खवास, जसपाबाट नेसार मियाँ तेली, नेसुपाबाट रामहजरा दुसाद, लोसपाबाट मुकेश खवास र माओवादीबाट जीतेन्द्रदास थारू गरी छजनाको उम्मेदवारी परेको छ।

वडा नं २ को अध्यक्षमा एमालेबाट निवर्तमान वडाध्यक्ष महादेवमहतो थारू, नेकाबाट ब्रह्मानन्द चौधरी, माओवादीबाट अरुण प्रसाद, जसपाबाट नरेशप्रसाद महतो, लोसपाबाट रामेश्वर महरा चमार र नेसुपाबाट सुदामा महतो थारु गरी छजनाको मनोनयनपत्र दर्ता भएको निर्वाचन अधिकृतको कार्यालयले

(बाँकी अन्तिम पातामा)

### निर्वाचन अधिकृत घेराउ

प्रस, सेढवा, १३ वैशाख/

निर्वाचन अधिकृतको कार्यालय, जीराभवानी गाउँपालिकाका प्रमुख झविन्द्रप्रसाद



निर्वाचन अधिकृतको गाडी घेराउ गर्दै। तस्वीरः प्रतीक

पाण्डेलाई राजनीतिक दलका नेता, कार्यकर्ताहरूले घेराउ गरेका छन्।

कार्यालयबाट दिउँसो ४:३० बजे अधिकृत पाण्डे निस्किने बेलामा उनको गाडी दलका नेता, कार्यकर्ताहरूले घेराउ गरेका थिए। नेता, कार्यकर्ताहरूले अधिकृत पाण्डेले सर्वदलीय बैठक नडाकेको र मनोनयनपत्र दर्ताका लागि पठाइएका उम्मेदवारहरूको दर्ता पनि नगरेको तथा फाइलहरू पनि हराएको विषयलाई लिएर घेराउ गरेको दलका नेताहरूले बताएका छन्।

उनीहरूले बुधवार बिहान १० बजे सर्वदलीय बैठक बोलाउन चेतावनी दिएका छन्। अधिकृत पाण्डेलाई सुरक्षाकर्मीहरूले स्कर्टिङ गरी गाउँबाट बाहिर निकालेका थिए।

## वीरगंजका ३२ वटा वडामा नेकाबाट अध्यक्षका उम्मेदवार

प्रस, वीरगंज, १३ वैशाख/

स्थानीय तहको निर्वाचनमा वीरगंज महानगरपालिकाका ३२ वटा वडाका अध्यक्षमा नेपाली काङ्ग्रेसले उम्मेदवारी दर्ता गराएको छ।



मनोनयनपत्र दर्ता गराउन जाँदै नेपाली काङ्ग्रेसबाट छिपहरमाई गापा अध्यक्ष पदका उम्मेदवार नवीन सिंहलगायत। तस्वीरः प्रतीक

वीरगंज महानगर-१ को अध्यक्षमा ओमप्रकाश गुप्ता, २ मा महम्मद रेयाज मन्सुरी, ३ मा अनवर हुसैन, ४ मा जगतसाह कानू, ५ मा हुकुम सिंह राजपूत, ६ मा दिनाप्रसाद गुप्ता, ७ मा हीराकाजी महर्जन, ८ मा राजेन्द्र श्रेष्ठ, ९ मा जवाहरप्रसाद गुप्ता, १० मा रामनगीनाप्रसाद कानू, ११ मा महेश्वरलाल महतो, १२ मा जवाहरलाल साह, १३ मा शेख रुस्तम, १४ मा राजेश पटेल, १५ मा गजेन्द्र पटेल, १६ मा मनोजकुमार जयसवार, १७ मा ओमकृष्ण लामिछाने, १८ मा ब्रह्मदेवप्रसाद कुर्मीले सोमवार उम्मेदवारी दिएका थिए।

यसैगरी, वडा नं १९ मा मुकेश चौरसिया, २० मा सुरेन्द्रप्रसाद यादव, २१ मा जतनराउत कुर्मी, २२ मा द्वारिका महतो, २३ मा ध्रुप राय, २४ मा दशरथ पटेल, २५ मा भैयाराम पटेल, २६ मा शम्भु मिश्र, २७ मा हृदयनारायण राउत कुर्मी, २८ मा सरयुग महतो, २९ मा ओकील मियाँ, ३० मा अली हुसैन मियाँ, ३१ मा चुमनदास चौधरी, ३२ मा रामबालक महतोले उम्मेदवारी दिएको उल्लेख छ।

**छिपहरमाई गापाको अध्यक्षमा नेकाबाट सिंहको उम्मेदवारी**

नेपाली काङ्ग्रेसबाट छिपहरमाई गाउँपालिकाको अध्यक्षमा नवीन सिंह र उपाध्यक्षमा लीलावतीदेवी कानूले मनोनयनपत्र दर्ता गराएका छन्।

सोमवार उनीहरूले निर्वाचन कार्यालयमा मनोनयनपत्र दर्ता गराएको नेका, पर्साका प्रवक्ता रमेश पाण्डेयले बताएका छन्।

## पोखरिया अस्पतालमा पहिलोपटक शल्यक्रियाबाट शिशुको जन्म

धर्मेन्द्र चौरसिया, १३ वैशाख/

पर्सा जिल्लाको दोस्रो सदरमुकाम भनेर परिचित पोखरिया नगर पालिकास्थित पोखरिया अस्पतालमा मङ्गलवार पहिलोपटक शल्यक्रिया भएको छ। अस्पताल स्थापना भएको लामो समय बितिसक्दा पनि यो अस्पतालमा शल्यक्रिया गरिएको थिएन।



तस्वीरः सौजन्य

वीरगंज उद्योग वाणिज्य सङ्घ र निक साइमन संस्थाले शल्यक्रियाको लागि आवश्यक यन्त्र र प्राविधिक सहयोग गरेपछि चैत १ गते उद्घाटन भएको थियो। उद्घाटन भएको करीब डेढ महीनापछि आज पहिलोपटक सफल शल्यक्रिया भएको मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय गुप्ताले बताए। उनीसहित डा मोताब अन्सारी सम्मिलित प्राविधिक टोलीले वीरगंज महानगर प्रसौनी घर भई माइती धोबिनी गाउँपालिका-३ हरपुर निवासी गर्भवती चन्द्रमाला देवीको शल्यक्रिया गरेको हो। उनको यसअघि एक छोरा र एक छोरी छन्। पहिलो शल्यक्रियाबाट छोरा जन्मेको मेसु डा गुप्ताले बताए। दुवैजनाको अवस्था सामान्य रहेको उनले जानकारी गराएका

(बाँकी अन्तिम पातामा)

**जग्गा बिक्रीमा**

बारा जिल्ला, कलैया उपमहानगरपालिका-९ बघवननजीकै १५० फिटभन्दा बढी मोहडा भएको १५ कट्ठा जग्गा घडेरी वा व्यापार प्रयोजनको लागि बिक्रीमा छ।

**सम्पर्क नं.: ९८५१३२३५४३**

**घडेरी बिक्रीमा**

जीतपुरसिमरा उपमहानगरपालिका, नरबस्ती (साबिकः पिपरासिमरा वडा नं. २, घ) कित्ता नं. ४०७ को मोहोडा २५ फिट (पूर्व-पश्चिम) लम्बाई ६० फिट (उत्तर-दक्षिण) भएको ८ धुर को घडेरी तुरुन्त बिक्रीमा छ।

**सम्पर्क नं.:**

**९८५११२५३२७/ ९८४५०३३३२५**

## विचारसार र सूक्तिहरू

**अहिंसा निर्बलता होइन। अहिंसा हिंसक भावको अभाव हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मतदानबाट विरोध गरौं

**वीरगंज महानगरपालिकामा महिला उम्मेदवार बन्ने अभिलाषा बोकेकाहरूको अधिकार गठबन्धनका कारण यसपटकको स्थानीय तहको निर्वाचनमा पूरा हुन पाएन। सत्ताधारी दलहरूको पाँच दलीय गठबन्धन र प्रतिपक्षी एमालेको तीन दलीय गठबन्धनका कारण महिलाहरूले प्रमुख र उपप्रमुखमध्ये एउटा पद पाउने अवसर गुमेको छ। गठबन्धन गरेका दलहरूले महिला उम्मेदवार उठाउने उदारता नदेखाएका कारण मधेस प्रदेशको एकमात्र महानगरमा महिलाहरू रिसाउने कुरा नाजायज होइन। महिला अधिकारका लागि आफ्नो आफूहरू लड्दै आएको दाबी गर्ने ठूला दलहरूले यसको जवाफ कसरी देलान् ? संविधानले महिलाहरूलाई राजनीतिमा सक्रिय पार्नका लागि स्थानीय तहको निर्वाचनमा दलहरूबाट उम्मेदवारी दिंदा प्रमुख र उपप्रमुखमध्ये एकजना महिला अनिवार्य गरेको थियो। यसैगरी, वडा तहमा एकजना दलित महिला र अर्को महिला सदस्य गरी दुई सिट पनि आरक्षित पारेको थियो। वडास्तरमा दुईवटा महिलाको सहभागिता सुरक्षित भएपनि पालिकास्तरमा भने गठबन्धनका कारण यो अवसरबाट महिलाहरू वञ्चित हुनुपऱ्यो।**

**अहिले वीरगंज महानगरमा सत्ताधारी गठबन्धनबाट जनता समाजवादी पार्टीले नगरप्रमुख पदमा उम्मेदवारी पाएको छ तर नेपाली काङ्ग्रेसले उपप्रमुख पदमा पाएको सिटमा पनि पुरुष उम्मेदवार खडा गऱ्यो। वीरगंज महानगरमा यसअघिको स्थानीय निर्वाचनमा नेकाकी वृद्धा महिला नेत्री शान्ति कार्कीले सबै उम्मेदवारभन्दा बढी मत पाएर जितेकी थिइन्। उनलाई पनि नेका पर्साले पुनः अवसर प्रदान गरेन भने अर्को महिला उम्मेदवार पनि उठाएन। गठबन्धन गरेको खण्डमा दलहरूलाई संविधानतः महिला उम्मेदवार उठाउने अनिवार्यता हुँदैन। गठबन्धन भएको कारण महिलाहरू आफ्नो अधिकार असुरक्षित भएको महसूस गरेर वीरगंजमा विरोध प्रदर्शन गरेका थिए। उनीहरूमध्ये लोकतान्त्रिक समाजवादी पार्टीबाट शुरूदेखि उपप्रमुखको दाबेदारी दिएर प्रचारप्रसार गर्दै आएकी रम्भा मिश्रले स्वतन्त्र उम्मेदवारी दिने साहस जुटाएकी छन्। उनको यो साहसको प्रशंसा गर्नैपर्छ। पार्टी विधिविधानविपरीत प्रस्तुत हुन खोज्छ भने कार्यकर्ताहरूले नै सही बाटोमा ल्याउने साहस देखाउनुपर्छ। यसो नगरिए दलहरूमा नेतृत्वकर्ताहरूको मनोबल बढ्छ र उनीहरू एकपछि अर्को गलती गर्न पछि पर्दैनन्। सत्ताधारी गठबन्धनको विरोध गर्दै आएको प्रतिपक्षी एमालेले पनि गठबन्धन गरेर महिला अधिकार हनन गरेको छ। यो गठबन्धनबाट नगरप्रमुखमा पुरुष उम्मेदवार भएपछि महिलालाई उपप्रमुखको अवसर दिनुपर्थ्यो तर यहाँ पनि पुरुष उम्मेदवार बनेका छन्। महिला नेतृत्वका पालिकाहरूमा अनियमितता, भ्रष्टाचार, बेथितिहरू पुरुष नेतृत्वको तुलनामा धेरै कम भएको पाइएको छ।**

**पर्सा जिल्लामा पनि गत चुनावमा महिला विजयी उपप्रमुखहरू, वडासदस्यहरू जितेका पालिकाहरूमा अनियमित गतिविधिहरू कम देखिए। तर पुरुष नेतृत्वका पालिकाहरू आरोपका पुलिन्दाले भरिएको पाइयो। वीरगंज महानगरमा आगामी प्रमुख र उपप्रमुख दुवै पुरुष हुने सम्भावना बढेको छ। विभिन्न राजनीतिक दलसँग आबद्ध महिलाहरूले साङ्केतिकरूपमा विरोध प्रदर्शन गरेर महिला अधिकारबाट वञ्चित भए मतदान नगर्ने चेतावनी पनि दिएका थिए। तर उनीहरूको एक दिने विरोधको असर दलहरूमा परेन। यसल आन्दोलनलाई सार्थक पार्न महिला उम्मेदवारलाई जिताएर दलहरूलाई आगामी दिनमा यस्तो गलती नगर्न पाठ सिकाउनुपर्छ।**

# न हर्ष न बिस्मात

वैशाख १२ गते सम्पूर्ण देशले लोकतन्त्र दिवस मनाउँदै थियो। तर यस वर्ष भने लोकतन्त्र दिवस स्थानीय चुनावको आकर्षणले सार्थकरूपमा मनाएको पाइएन। २०४६ सालबाट गणना गर्दा २०७८ मा प्रजातन्त्र स्थापना भएको ३२ वर्ष लागेको छ।

स्वतन्त्र विचार



विनोद गुप्ता

**त्यस कारणले पनि आज समस्त जनताले विवेक पुऱ्याएर मत दिनुपर्ने भएको छ। किनभने बितेको पाँच वर्षमा सत्ताको लडाइँ, राजनीतिको उद्योगको रूपमा विस्तार, भ्रष्टाचार, भ्यू टावर निर्माण, गाडी खरीद जस्ता गतिविधि मात्रै भएको पाइन्छ।**

यो वर्ष ३२ वर्षमा देशमा के फेरियो र फेरिएन हेर्नु बुझ्नुपर्ने भएको छ। यो सम्पूर्ण अवधिमा स्वनामधन्य नेताहरूको जन्म, उदय र रूप फेरिएको भएपनि जनता आज पनि जहाँ खडा थिए, त्यहीं छन्। २०४६ सालदेखि पुनः शुरू भएको प्रजातान्त्रिक राजनीतिमा २०५२ सालसम्म उदारीकरणको नीतिले व्यवसायलाई राम्ररी फस्टाउने वातावरण बनाए पनि उद्योगहरूको लागि प्रत्युत्पादक नै रह्यो। त्यसपछि माओवादी द्वन्द्व, राजा ज्ञानेन्द्रको सत्तारोहणपछि २०६२/६३ को जनआन्दोलनपश्चात् गठन भएको सरकारले २०६४ को चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन गऱ्यो र सो निर्वाचनपश्चात् २०६५ जेठ १५ गते बसेको पहिलो संविधानसभाको बैठकले २४० वर्षदेखि चलिआएको राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो। तर यस संविधानसभाले संविधान भने जारी गर्न सकेन। यसको फलस्वरूप अर्बौं रुपैयाँ र जनताले तिरेको करको बर्बादी भयो र संविधान बनाउनकै खातिर फेरि २०७० साल मङ्सिर ४ गते दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो। जसले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो। यो संविधान जारी हुँदा कतै दीपावली भयो भने कतै वा भनौं खासगरी मधेसी दलहरूले मधेसमा कालो दिवसको रूपमा मनाए। यति हुँदाहुँदै २०७४ सालमा तीनवटै तहको निर्वाचन सम्पन्न भई देशमा तीन तहको सरकारबाट शासन सञ्चालन भइरहेको छ। र यस वर्ष अर्थात् २०७८ वैशाख ३० गते दोस्रोपटक स्थानीय सरकारको निर्वाचन हुन गइरहेको छ। निर्वाचन आयोगले जानेर हो वा नजानेर लोकतन्त्र दिवसकै दिन मनोनयनको दिन तोक्नुले समेत यो दिवस अब पछिल्लो प्राथमिकतामा पर्दै गएको बुझिन्छ। तर सङ्घीय लोकतान्त्रिक शासनको दोस्रो स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा यिनले स्थानीयस्तरमा आफ्नो घोषणापत्रमा के गर्ने भनेका थिए र के गरे त्यसलाई हेर्नु उपयुक्त होला।

**१. नेपाली काङ्ग्रेसः**

गाउँ र नगरका युवाहरूलाई प्रोत्साहन दिई स्वरोजगार प्रवर्द्धन गर्न 'युवा उद्यम चुनौती कोष'को स्थापना एवं कार्यान्वयन गर्नेछ। नवीन सोचसहितको युवा जागर एवं उद्यमशीलता प्रयोग गर्न १६-४५ वर्षसम्मका युवाहरूलाई लक्षित गरी २५+२५+५० को सहुलियतपूर्ण वित्तीय कार्यक्रम ल्याइनेछ। यसमा २५ प्रतिशत उद्यमीको, २५ प्रतिशत अनुदान र बाँकी ५० प्रतिशत सहुलियत पूर्ण ऋण सहायता रहनेछ।

**२. एमालेः**

प्रत्येक वडा तहमा श्रमशक्तिका रूपमा विकसित भइरहेको सम्पूर्ण युवालाई उनीहरूको रुचि अनुसारको विषयमा दक्षता प्रदान गर्न सिटिइभिटीबाट मान्यताप्राप्त तालीम केन्द्र स्थापना गरिनेछ। प्रत्येक प्रदेशमा शिक्षित जनशक्तिलाई रोजगारका लागि दक्षता प्रदान गर्न अत्याधुनिक, प्राविधिक तथा आवासीय महाविद्यालयहरू सञ्चालन गरिनेछन्।

**३. माओवादी केन्द्रः**

देशभित्र रोजगार विस्तारका लागि श्रम बैंकको व्यवस्था गरी जनशक्ति परिचालन गरिनेछ। प्रत्येक गाउँमा युवा स्वरोजगार र गरीबी निवारण कोष खडा गरी रोजगारको व्यवस्था गरिनेछ। उत्पादनमूलक रोजगारको व्यवस्था सुनिश्चित नहुँदासम्म बेरोजगारी भत्ताको व्यवस्था गरिनेछ।

**४. राजपा हाल लोसपाः**

दहेज जस्तो अनुचित प्रथालाई निरुत्साहित गर्न कक्षा १२ सम्म शिक्षा प्राप्त गरेको र उमेर पुगेको विवाहयोग्य महिलालाई आधा तोला सुनको मङ्गलसूत्र वा सो बराबरको रकम प्रदान गरिनेछ।

**५. सङ्घीय समाजवादी हाल जसपाः**

समतामूलक समाज निर्माण गर्न ५, १०, १५ र २५ वर्षको योजना तर्जुमा गर्ने। पाँच वर्षभित्र ऊर्जाशक्तिमा आत्मनिर्भर हुन कुल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थिरपूँजीको रूपमा विकास गर्ने, दुई अङ्कको वृद्धि हासिल गर्ने, प्रतिव्यक्ति आय दोब्बर पुऱ्याउने र निरपेक्ष गरीबीको रेखामुनि रहेका जनतालाई गरीबीबाट मुक्त गर्ने।

त्यस बेलाको चुनावमा तीनवटै तहमा एमाले+माओवादी केन्द्रले मिलेर स्थानीय, प्रदेश एवं केन्द्र गरी तीनवटै तहमा बहुमतमा जितेका हुन्। एमालेले आफ्नो घोषणापत्रमा दश वर्षभित्रमा नेपालीको आय पाँच हजार डलर पुऱ्याउने घोषणा गर्दा नेपालीको प्रतिव्यक्ति आय एक हजार ९ डलर थियो र अहिले २०७८ मा आधा समय समाप्त हुँदा एक हजार १९१ डलर पुगेको छ। अर्थात् पाँच वर्षमा १८२ डलर मात्र बढ्न सकेकोबाट नै हाम्रो मतले जितेको सरकार हामीप्रति कति प्रतिबद्ध छ बुझ्न सकिन्छ। पानीजहाज, रेल, घरघरमा ग्याँस आदिको कुरै नगरौं। त्यस कारणले पनि आज समस्त जनताले विवेक पुऱ्याएर मत दिनुपर्ने भएको छ। किनभने बितेको पाँच वर्षमा सत्ताको लडाइँ, राजनीतिको उद्योगको रूपमा विस्तार, भ्रष्टाचार, भ्यू टावर निर्माण, गाडी खरीद जस्ता गतिविधि मात्रै भएको पाइन्छ। केही स्थानीय सरकारले भने वास्तविकरूपमा जनताको दुःख साटेका छन्। तिनलाई धन्यवाद नभनी रहन सकिन्न।

अर्को प्रसङ्ग हो २०७२ सालको भूकम्पको। शनिवारको दिन र दिउँसो भएकोले अधिकांशको ज्यान जोगिएको थियो। तर त्यसपछाडि पुनर्निर्माणको काम प्रभावित क्षेत्रमा त भयो तर अन्यत्र न भवनसंहिताको पालना भएको पाइन्छ, न सरकारी अस्पतालहरूको तयारी कतै देख्न सुन्न पाइएको छ। अझ भाडाका भवनमा सञ्चालित साँघुरो ढोका भएका विद्यालय, खेलमैदान वा खुला स्थान नभएका विद्यालयहरूले त झन् आतङ्कित पार्ने अवस्था सिर्जना गरिराख्दासमेत कतैबाट कुनै कदम नचालिनुले सरकार र सम्बन्धित निकायले अब अर्को ७५ वर्षपछि मात्र भूकम्प आउने विश्वास लिएर बसेको अनुभूति हुन्छ। वैज्ञानिकहरूका अनुसार नेपालकै पश्चिमी क्षेत्र कुनै पनि बेला भूकम्प जान सक्ने अवस्थामा रहेको प्रक्षेपण र हाम्रो तयारी एवं चुनाव र घोषणापत्र हेर्दा नेपाली जनताको अवस्था 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' नै भएको छ।

# एमाले कि विमाले

राणा परिवारमा अझै पनि ए श्रेणी, बी श्रेणीको राणाजी भनेर छुट्याएर हेर्ने, फरक व्यवहार गर्ने चलन छ। राणाजीहरूको यही भेदभावपूर्ण चलनलाई अहिले पर्सा एमालेले शिरोधार्य गरेको देखिन्छ। अहिले पर्सा र वीरगंजलाई स्थानीय निर्वाचनले तताएको छ।

एकलकाटेको आरोप लाग्न थालेपछि पर्सा एमालेले आव देखा न ताव राप्रपा र लोसपासँग गठबन्धन गर्न पुग्यो। तर स्थानीय तहको यो गठबन्धनले पर्सा एमाले दुर्गन्धित बन्यो। सांसद विमल श्रीवास्तवको इशारामा उनका थुप्रै सेनामेना धेरै पहिलेदेखि पर्सा एमालेमा भर्ना हुन थालेका थिए। गत फागुन २८ गते पुरानै रणनीति अन्तर्गत विजयकुमार सरावगीसमेत एमालेमा भर्ना भए।

व्यङ्ग्य



कुमार रुपाखेती

**अहिले त स्थानीय निर्वाचन हो, भोलि हुने आमनिर्वाचनमा विमालेहरूले गैरएमालेलाई उम्मेदवार बनाउन सक्नेबारे सच्चा एमालेहरू चिन्तित त छन्, सचेत देखिंदैनन्। नवप्रवेशीहरूले पर्सा एमालेमा आफ्नो प्रभाव मात्र देखाएका छैनन्, पूरै हाबी भइसकेको सन्देशसमेत दिन थालेका छन्।**

स्थानीय निर्वाचनमा वीरगंजका ३२ वटा वडामध्ये नौवटा वडामा पुराना एमालेले टिकट पाए भने २३ वटा वडामा विमालेले टिकट हत्याए। विमाले भनेको (विमल श्रीवास्तव र विजय सरावगी) को टीम भनेर अर्थ्याउन थालिएको छ। म बस्ने वडा नं ५ मा विमालेहरूको कुबेर पाराको खर्च देखेर छक्क परेको छु। एमालेवालाहरूले पर्सामा विमालेसँग टक्कर लिने र पार्टीलाई तिनको कब्जाबाट मुक्त गर्न सक्ने बुता देखिंदैन। पर्सामा विमालेको हालीमुहाली र चर्तिकलाले एमालेहरू चिन्तित त छन् तर लाचार पनि छन्। भनिन्छ, विमल+विजयहरू त ठाडै सैया भए कोतवाल त अब डर काहेका भन्दै ओलीजीसमेत आफ्नै खसमखास भएको बताउँछन्। जसले गर्दा खाए खा नखाए घिच भन्ने पारामा उम्मेदवार बनाइएका विमालेहरूप्रति कस्तो रवैया अपनाउने भन्नेबारे एमालेहरू रणभुल्लमा परेका देखिन्छन्।

यो त पर्सा एमालेको अन्दरुनी मामिला हो। निर्वाचनका बखत यिनका यस्ता हर्कतहरूले बजार गर्माउँछ नै। जसले आफ्नै इमानदार र योग्य कार्यकर्ताहरूलाई काखा-पाखा गर्छ, नङ्गा नाच नाच्छ भने भोलिका दिनमा जितेको खण्डमा यो महानगरको विकास निर्माणमा समेत ठूलो पक्षपात र बज्रपात हुनेबारे मतदाताहरू सचेत हुनैपर्ने देखिन्छ। अहिले त स्थानीय निर्वाचन हो, भोलि हुने आमनिर्वाचनमा विमालेहरूले गैरएमालेलाई उम्मेदवार बनाउन सक्नेबारे सच्चा एमालेहरू चिन्तित त छन्, सचेत देखिंदैनन्। नवप्रवेशीहरूले पर्सा एमालेमा आफ्नो प्रभाव मात्र देखाएका छैनन्, पूरै हाबी भइसकेको सन्देशसमेत दिन थालेका छन्। विगतमा वीरगंजमा एमालेका उम्मेदवार को को हुने हुन् भन्नेबारे एउटा कौतुहलता हुन्थ्यो तर विमालेवालाहरूले त्यस्तो कौतुहलतालाई निराशामा बदलिदिएका छन्।

नाम नबताउने एउटा एमाले कार्यकर्ताले भने- उहिले उहिले घरको छानामा गिद्ध बस्दा अपशकुन हुन्छ भनेर घरमा पूजापाठ लगाएर घरलाई शुद्ध पारिन्थ्यो, अचेल त गिद्धहरू घरमा बस्दा सगुन हो, राम्रो हो, फलिफाप हुन्छ भनेर परिवर्तित सोच देखेर तीनछक्क छन्। स्व गोपाल गिरीका छोरा गिरिश गिरी वीरगंजमा नगरप्रमुख पदमा राप्रपाबाट उम्मेदवार बन्दा विमालेको मुहारमा रौनकता आएको देखेर नगरवासी अचम्ममा परेका छन्। भनिन्छ, पर्सा एमालेमा विमालेले जथाभावी उम्मेदवार उठाउँदा जनता समाजवादी पार्टीलाई फाइदा पुग्दैछ रे। विमालेहरू त राजेशमान हराउन निर्देशित नै देखिन्छन्।

अन्त्यमा म यही भन्छु- कोही त कालो हजुर रेलको धूवाँले, हामी त कालो हजुर छाता नै नओढ्नाले।

# अनुमति नलिने पात्रो र भित्तेपात्रोलाई कार्यविधि बनाएर कारबाही गरिने

काठमाडौं, १३ वैशाख/रासस

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले अनुमति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोलाई कार्यविधि बनाएर कारबाहीको प्रक्रिया अघि बढाउने भएको छ। समितिको गठन आदेशको दफा ७ को बुँदा (१) र (७) अनुसार अनुमति नलिई प्रकाशन भएका पात्रो र भित्तेपात्रालाई कारबाही गर्न कार्यविधि बनाउन लागेको हो। कार्यविधि मस्यौदा गर्ने सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेसँग पनि छलफल गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए।

समितिसँग अनुमति लिएर हालसम्म १४ पात्रो र ८९५ भित्तेपात्रो प्रकाशन भएका छन्। दुई पात्रो र करीब तीन दर्जन भित्तेपात्रो अनुमति नलिई प्रकाशन भएको पाइएको पनि उनले सुनाए। अनुमति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोका नाम पनि क्रमशः सार्वजनिक गरिने भएको छ।

मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समिति गठन आदेश स्वीकृत गरेपछि पात्रो र भित्तेपात्रोले स्वीकृति लिनुपर्ने व्यवस्था नेपाल राजपत्रमा प्रकाशन भएको थियो।

विसं २०७८ असारमा आदेश नेपाल राजपत्रमा प्रकाशन भएपछि यो व्यवस्था यसै वर्षको पात्रो र भित्तेपात्रो प्रकाशनदेखि कार्यान्वयनमा आएको हो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# मुलुकको वातावरण निर्वाचनमय

-नारायण ढुङ्गाना
काठमाडौं, १३ वैशाख/रासस

मुलुकका ७५३ वटै स्थानीय तहमा एउटा जग बसालेको र कतिपय जनप्रतिनिधिले बुझ्नैमा समय खर्चिएका थिए । यसबीचमा कोभिड-१९ को



तस्वीरः रासस

वा प्रदेशसँगको संयुक्त अधिकारमा समेत स्थानीय तहको भूमिका रहन्छ । त्यसैले स्थानीय तह गाउँविकासको प्रमुख सरकार

राजननीतिक दलबाट उम्मेदवारी मनोनयन दर्तासँगै मुलुकको वातावरण निर्वाचनमय बन्न पुगेको छ ।

यही वैशाख ३० मा हुने सङ्घीय लोकतान्त्रिक गणतन्त्रपछिको दोस्रो स्थानीय तह निर्वाचन आउन अब १७ दिन मात्रै बाँकी रहँदा निर्वाचन आयोगले आफ्नो तयारीलाई अझै तीव्र पारिरहेको छ भने राजनीतिक दल र तिनका कार्यकर्ता चुनावी मैदानमा होमिएका छन्। उनीहरू निर्वाचन आयोगले तोकिदिए अनुसारका चुनावी प्रचारप्रसार सामग्रीका साथ लागेका देखिन्छन् ।

प्रविधिको प्रयोगलाई अधिकतम उपयोग गरेकाले सामाजिक सञ्जाल चुनावमय बनेको छ। उम्मेदवारको टुङ्गो लागेपछि भने मतदाताको घरदैलोमा जाने तयारी दलहरूको छ ।

प्रमुख राजनीतिक दलले उत्साहपूर्णरूपमा निर्वाचनमा सहभागिता जनाउनुले पनि वातावरण निर्वाचनमय बन्न पुगेको छ । उम्मेदवारी दर्ताका क्रममा देखिएको स्थानीय जनजीवन, भाषा, संस्कृति, मौलिक बाजागाजासहितको प्रचारात्मक कार्यक्रमले मतदातामा समेत छुट्टै उमङ्ग देखिन्छ ।

चितवनका पर्यटक व्यवसायी टीकाराम गिरी गाउँबस्तीतिर चुनावी माहोल शुरू भइसकेको बताउँछन् । "पार्टीबाट केही ठाउँमा उम्मेदवारी अन्तिम भइनसकेकाले मिलाउने क्रम जारी देखिन्छ, सर्वसाधारणले मोटामोटी उम्मेदवार थाहा पाइसके, उम्मेदवारी पूर्ण भएपछि भने अझै माहोल बढ्नेछ," गिरीले भने ।

कामका सिलसिलामा टाढाटाढा पुगेका सर्वसाधारण मताधिकार प्रयोगका लागि आतुर छन् । उनीहरू वैशाख ३० को प्रतीक्षामा छन्। बजार, चोक, गल्ली, चौतारा, चियापसल, होटल तथा टोललाई पनि चुनावले झपक्कै छोपिसकेको छ । सम्पूर्ण मुलुक नै चुनावमय बनेको छ भन्दा फरक पर्दैन ।

काठमाडौं दक्षिणकालिका मीठाराम कठायत चुनावी माहोल तातेको सुनाउँछन् । "गाउँमा प्रचारात्मक क्रियाकलाप शुरू भइनसके पनि चोक, चौतारा, चियापसलमा चुनावी गफ शुरू भइसकेको छ, स्थानीय तहले नै गाउँको विकास गर्ने हुँदा व्यक्ति हेर्नुपर्छ, पार्टी हेरेर हुन्न भन्ने नै छ," उनले थपे, "हाम्राभन्दा राम्रालाई मत दिनुपर्छ भन्ने विषयमा गाउँमा छलफल चलेको सुन्न सकिन्छ ।"

प्रजातान्त्रिक मुलुकको शासन व्यवस्था र राजनीतिक प्रणालीलाई जीवन्त राख्ने कानूनी प्रक्रिया हो, निर्वाचन। नेपालमा विसं २०६२/६३ को दोस्रो जनआन्दोलनको उपलब्धि स्वरूप स्थापित सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत बनेको स्थानीय तहको संरचना, स्थानीय सरकार हो ।

उन्नाइस वर्षपछि विसं २०७४ को निर्वाचन सङ्घीय गणतन्त्रपछिको पहिलो स्थानीय तहको निर्वाचन थियो । त्यसले एउटा जग बसालेको र कतिपय जनप्रतिनिधिले बुझ्नैमा समय खर्चिएका थिए । यसबीचमा कोभिड-१९ को महामारीका कारण विकास, निर्माणलगायत काम नराम्ररी प्रभावित बनेको थियो ।

महामारी हटेको र स्थानीय तहको संरचना र कार्यादेशबारे सबै जानकार भएकाले पनि अब छानिएका जनप्रतिनिधि वास्तवमैं पालिकाको समग्र विकासका लागि मियोका रूपमा खडा हुन सक्ने अवसर छ । निर्वाचित जनप्रतिनिधिले विगतको अनुभवबाट सिक्दै जनपक्षीय तथा प्रभावकारी काम गर्ने अवसर प्राप्त हुने हुँदा सक्षम र योग्य व्यक्तिको छनोट गर्ने जिम्मेवारी आम नागरिकमा छ । त्यस कारण पनि निर्वाचनलाई अर्थपूर्णरूपमा हेर्न सकिन्छ ।

एकजना सेवानिवृत्त जनस्वास्थ्यविद् नरहरि चापागाईं स्थानीय तहमा भएका र हुनुपर्ने विकासका कामका लागि र दैनिक जनजीवनमा जोडिने क्रियाकलापका लागि स्थानीय तहको महत्त्व बढी छ भन्छन् । स्थानीय जनप्रतिनिधिले ती जनताका दुःख-सुख नजीकबाट बुझ्न सक्ने हुँदा इमानदार भएर काम गर्न सके गाउँको राम्रो विकास हुनेमा उनी आशावादी छन् ।

"त्यसैले मत दिंदा व्यावहारिक समस्या बुझ्न सक्ने क्षमता भएका र विकास भनेको के हो भनेर केन्द्रीय कार्यक्रमसँग जोड्न सक्ने तथा सेवामूलक कार्य गर्न सक्ने खालका जनप्रतिनिधि छान्नुपर्छ," चापागाईंले भने, "मतदाताले असल प्रतिनिधि खोज्न सक्नुपर्छ, जसले स्थानीय तहमा आमूल परिवर्तन गर्न सकोस् ।"

निर्वाचन आयोगले उम्मेदवारी रुजू गर्ने काम अहिले पनि जारी राखेको छ। आयोगका अनुसार २०७४ सालको स्थानीय चुनावमा डेढ लाखभन्दा बढीले उम्मेदवारी दिएका थिए । हालसम्मको प्राप्त विवरणमा एक लाख ४४ हजारको उम्मेदवारी दर्ता रुजू भइसकेको र अन्य रुजू गर्ने काम चलिरहेको छ ।

देशभरिका ७५३ स्थानीय तह अन्तर्गत कुल ३५ हजार २२१ पदका लागि मतदान हुँदैछ । नेपालमा छ महानगर, ११ उपमहानगर, २७६ नगरपालिका तथा ४६० गाउँपालिका छन् । मुलुकभर १० हजार ७५६ मतदानस्थलमा २१ हजार ९५५ वटा मतदान केन्द्र तोकिएका छन् ।

यसपालि १८ वर्ष पूरा भएका एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले मत हाल्न पाउने निर्वाचन आयोगले जनाएको छ ।

**स्थानीय तह निर्वाचनको महत्त्व**

सङ्घीय संरचना अन्तर्गत मुलुकले फड्को मारेको कारण विगतमा सिंहदरबारसम्म धाउनुपर्ने कतिपय साना र महत्त्वपूर्ण कार्य तथा स्थानीय योजनाको तर्जुमा पनि अब स्थानीय तहबाटै हुन्छ ।

प्राकृतिक विपद्को पूर्वतयारीदेखि उद्धार, राहत तथा पुनर्स्थापनका पहिलो शक्ति नै स्थानीय तह हो । सानातिना मुद्दा मामिलासमेत हेर्ने तथा अन्य विकास निर्माणका योजना कार्यान्वयन पनि स्थानीय तहबाटै हुन्छ । कतिपय सङ्घ वा प्रदेशसँगको संयुक्त अधिकारमा समेत स्थानीय तहको भूमिका रहन्छ । त्यसैले स्थानीय तह गाउँविकासको प्रमुख सरकार वा संरचना हो । आफ्नो मताधिकारको प्रयोग गरी समृद्ध मुलुक निर्माणको पहिलो खुड्किलो हो, निर्वाचन । समृद्ध नेपालको जग हाल्ने यो महान् अवसरको सदुपयोग गर्नुपर्छ ।

नेपालको संविधान २०७२ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)को अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची रहेको छ। त्यसले पनि स्थानीय तहको भूमिका कतिको महत्त्वपूर्ण छ भनेर स्पष्ट देखाएको छ।

स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ, गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घरजग्गा धनी पुर्जा वितरण स्थानीय तहबाटै गरिने अनुसूचीमा उल्लेख छ। यस्तै, स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारीसाधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलनको जिम्मेवारीसमेत स्थानीय तहलाई संविधानले नै दिएको छ।

यसका अलावा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तको व्यवस्थापन, बेरोजगारीको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने भूमिका स्थानीय तहको छ।

# सोऱ्ह सय मेगावाट बिजुली बोक्ने प्रसारण लाइनको निर्माण प्रगतिबारे प्राधिकरणको चासो

काठमाडौं, १३ वैशाख/रासस

निर्माण सम्पन्न भएका आयोजनाको बिजुली केन्द्रीय प्रसारण प्रणालीमा जोड्न नपाएको भन्दै गुनासो आएपछि नेपाल विद्युत् प्राधिकरणले मर्स्याङ्दी करिडोर प्रसारण लाइनको प्रगतिका बारेमा चासो व्यक्त गरेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशकलगायतको टोलीले सो प्रसारण लाइन र सबस्टेशनको स्थलगत निरीक्षण गरी पछिल्लो अवस्थाका बारेमा जानकारी लिएको छ। कुल २२० केभी क्षमताको मर्स्याङ्दी करिडोर प्रसारण लाइन आयोजना अन्तर्गतका चार सबस्टेशनको निर्माण धमाधम भइरहेको छ ।

आयोजना अन्तर्गत चितवनको नयाँ भरतपुर, लमजुङको उदीपुर तथा खुदी र मनाङको धारापानीमा २२० केभीका सबस्टेशन निर्माण भइरहेको छ । नयाँ भरतपुर र उदीपुर सबस्टेशन तीन महीनाभित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्यका साथ काम भइरहेको प्राधिकरणले जनाएको छ ।

त्यस्तै, खुदी सबस्टेशन एक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ भने धारापानी सबस्टेशनको निर्माण शुरू भएको छ। भौगोलिकरूपमा विकट ठाउँमा रहेकाले धारापानी सबस्टेशनको निर्माणमा केही समय लाग्ने देखिएको छ। नयाँ भरतपुर र उदीपुर सबस्टेशनमा क्रमशः २२०/१३२ केभी, ३२० एमभिए र २२०/१३२ केभी, १६० एमभिए तथा १३२/३३ केभी, ५० एमभिए क्षमताका पावर टान्सफर्मर रहनेछन् । दुवै सबस्टेशनका मुख्य सिभिल संरचनाको निर्माण अन्तिम चरणमा पुगेको छ भने उपकरणको जडान भइरहेको छ ।

खुदी र धारापानी सबस्टेशनमा क्रमशः २२०/१३२ केभी, १६० एमभिए तथा १३२/३३ केभी, ५० एमभिए र २२०/१३२ केभी, १०० एमभिए तथा १३२/३३ केभी, ३० एमभिए क्षमताका पावर ट्रान्सफर्मर रहनेछन् । खुदी सबस्टेशनको मुख्य सिभिल संरचना निर्माणाधीन छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको उच्च व्यवस्थापन टोलीले स्थलगत अनुगमन गरी सबस्टेशन निर्माणमा भइरहेको प्रगति, आयोजनास्थलमा देखिएका समस्या, काम सम्पन्न हुने तालिका लगायतका विषयमा आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीसँग विस्तृत छलफल गरी जानकारी लिएको छ।

कार्यकारी निर्देशक घिसिङले मर्स्याङ्दी करिडोरमा निर्माणाधीन निजी क्षेत्रका जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारण लाइन तथा सबस्टेशन महत्त्वपूर्ण भएकोले तोकिएकै समयमा सम्पन्न गर्न आग्रह गरे ।

उनले वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटानका लागि स्वीकृतिको प्रक्रिया तत्काल अगाडि बढाउन र सामाजिक समस्यालाई समाधान गरी प्रसारण लाइनको निर्माण शुरू गर्न आयोजना व्यवस्थापनलाई निर्देशन दिए । यसका लागि माथिल्लो तहमा आवश्यक पहल र समन्वय गर्न आफू तयार रहेको उनले उल्लेख गरे ।

लमजुङको दोर्दी खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् दोर्दी करिडोर प्रसारण लाइनमार्फत उदीपुर सबस्टेशनमा जोडिने छ। उदीपुर सबस्टेशनको निर्माणमा केही समय लाग्ने देखिएपछि दोर्दी खोलाका आयोजनाको विद्युत् वैकल्पिक व्यवस्थामार्फत हाल सञ्चालनमा रहेको मध्यमर्स्याङ्दी विद्युत्गृहको स्वीच यार्डमा जोडिनेछ ।

लमजुङकै ङादी तथा त्यसका सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् खुदी सबस्टेशनमा जोडिनेछ। मर्स्याङ्दी र त्यसका सहायक नदीमा उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहका लागि मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना शुरू गरिएको हो । प्रसारण लाइनबाट करीब एक हजार ६०० मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ।

चितवनको भरतपुरदेखि मनाङको धारापानीसम्मको डबल सर्किट प्रसारण लाइनको लम्बाइ करीब ११३ किलोमिटर छ ।

आयोजनालाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ। पहिलो प्याकेज अन्तर्गत उदीपुरबाट नयाँ भरतपुर सबस्टेशनसम्मको करीब ६७ किलोमिटर प्रसारण लाइन निर्माण भइरहेको छ । दोस्रो प्याकेज अन्तर्गत नयाँ भरतपुर र उदीपुर सबस्टेशन निर्माणाधीन छन्। तेस्रो प्याकेज अन्तर्गत खुदीबाट धारापानीसम्मको ४६ किलोमिटर प्रसारण लाइन र दुई सबस्टेशन निर्माण भइरहेका छन् ।

नेपाल सरकारको लगानी र युरोपेली लगानी बैंक (इआइबी)को सहुलियतपूर्ण ऋणमा निर्माणाधीन आयोजनाको अनुमानित लागत करीब रु १६ अर्ब बराबर छ।

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो




काठमाडौं, १३ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार पनि दोहोरो अङ्कले ओरालो लागेको छ। आइतवार उच्च अङ्कले बढेको नेप्से परिसूचक सोमवार ओरालो लागेको थियो। सोमवारकै लय पछ्याउँदै नेप्सेमा मङ्गलवार पनि गिरावट देखिएको हो ।

नेपाल स्टक एक्सचेन्जका अनुसार १५.०२ अङ्कले ओरालो लागेको नेप्से परिसूचक दुई हजार ३७०.९९ मा थामिएको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १.७४ अङ्कले घटेर ४५२.९५ मा ओर्लेको छ ।

नेप्सेको ओरालो यात्रासँगै कारोबार रकमसमेत घटेको छ। कुल २२८ कम्पनीका ३४ लाख १९ हजार २२८ कित्ता शेयर रु एक अर्ब चार करोड ६० लाख १४ हजार ४१७ मूल्यमा खरीद- बिक्री भए। मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु ३३ खर्ब ७२ अर्ब ७२ करोड ९५ लाख ७० हजार हाराहारीमा ओर्लेको छ।

नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ भने ११ उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ।

उत्पादन १६.४३ र सामूहिक लगानी कोष ०.२५ अङ्कले उकालो लागेको छ। त्यस्तै, बैंकिङ ५.१३, व्यापार १०.५९, होटल तथा पर्यटन ३.७१, विकास बैंक ४२.०१, जलविद्युत् ४०.५, वित्त १७.६४, निर्जीवन बीमा १००.१६, अन्य ११.३६, लघुवित्त १३.५९, जीवन बीमा ९५.८५ र लगानी १.१ अङ्कले ओरालो लागेको छ।

कारोबारका आधारमा सिद्धार्थ बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु चार करोड २१ लाख ८२ हजार बराबरको कारोबार भयो। त्यस्तै, अपि पावर कम्पनी रु चार करोड छ लाख ६२ हजार ६४८, नेस्डो समृद्ध लघुवित्त रु तीन करोड पाँच लाख ५५ हजार ६०९, अरुण भ्याली हाइड्रोपावर रु दुई करोड ९२ लाख ५९ हजार ७०७ र हिमालयन डिस्टिलरी रु दुई करोड ८५ लाख ५३ हजार ४६७ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

नेप्सेका अनुसार जाल्पा सामुदायिक लघुवित्तका लगानीकर्ताले ९.९९ प्रतिशतले कमाए। घटेको बजारमा सो कम्पनीको शेयर मूल्यमा भने सकारात्मक सर्किट लाग्यो । एनआइबिएल समृद्धि फन्ड दोस्रो ५.०६, किसान लघुवित्त ४.०२, एनआइबिएल प्रगति फन्ड ३.६७ र मेगा म्युचुअल फन्ड 'एक'का लगानीकर्ताले ३.३४ प्रतिशतले कमाए।

त्यस्तै, हिमालयन पावर पार्टनर ५.४१, मल्टिप्रपोज फाइनान्स ४.०२, युनाइटेड इदी मर्दी हाइड्रोपावर ४.०२, माहुली लघुवित्त ३.७३ र सामुदायिक लघुवित्तका लगानीकर्ताले ३.४४ प्रतिशतले गुमाए।

# हेटौंडाको प्रमुखमा २१ र उपप्रमुखमा ११ जनाको उम्मेदवारी दर्ता

हेटौंडा, १३ वैशाख/रासस

हेटौंडा उपमहानगरपालिकाको प्रमुख पदका लागि २१ जनाले उम्मेदवारी दर्ता गराएका छन्। विभिन्न राजनीतिक दलबाट १२ जना र स्वतन्त्रबाट नौजना गरी २१ जनाले नगरप्रमुख पदमा उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालय, हेटौंडाले जनाएको छ ।

कार्यालयका सहायक निर्वाचन अधिकृत सागर शर्माका अनुसार नगरप्रमुख पदमा आइतवार सातजनाले र सोमवार १४ जनाले मनोनयन दर्ता गराए। हेटौंडाको प्रमुख पदमा गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)की मीनाकुमारी लामा, नेकपा (एमाले)बाट अनन्त पौडेल, नेपाली काङ्ग्रेसबाट मुकुन्दप्रसाद आचार्य, नेपाल कम्युनिस्ट पार्टी (माले)बाट केशव घर्ती, जनता समाजवादी पार्टी नेपालबाट दीपा लामाले उम्मेदवारी दर्ता गराएका हुन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंह, नेपाल मजदूर किसान पार्टीबाट रमेशमान सिंह, उन्नत लोकतन्त्र पार्टीबाट अयोध्याकुमार भट्टराई, सचेत नेपाली पार्टीबाट रामप्रसाद गौतम, नेपाल कम्युनिस्ट पार्टी समाजवादीबाट रोमनाथ भुर्तेल, मौलिक जरोकिलो पार्टीबाट सिर्जना बर्तौला र लोकतान्त्रिक समाजवादी पार्टीबाट सञ्जीव खरालले उम्मेदवारी दर्ता गराएका छन् ।

स्वतन्त्रबाट कविराज पाठक, पुरुषोत्तम रूपाखेती, उत्तमकुमार दुलाल, लीलाकुमारी आचार्य, देवराज पौडेल, सञ्जय खरेल, सुरक्षा रिजाल, विश्वनाथ पाण्डे र प्रदीप ढकालले उम्मेदवारी दर्ता गराएको सहायक निर्वाचन अधिकृत शर्माले बताए ।

यसैगरी, हेटौंडा उपमहानगरपालिकाको उपप्रमुख पदमा ११ जनाले उम्मेदवारी दर्ता गराएका छन्। विभिन्न राजनीतिक दलको तर्फबाट नौजना र स्वतन्त्रबाट दुईजना गरी ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

उपप्रमुख पदमा सत्तारूढ गठबन्धनबाट काङ्ग्रेसका राजेश बानियाँ, एमालेबाट सुमित्रा काफ्ले, मौलिक जरोकिलो पार्टीबाट सुनील घिमिरे, नेपाल कम्युनिस्ट पार्टी (समाजवादी)बाट मखकुमारी तिमल्सिना, जनजागरण पार्टी नेपालबाट शिवकुमारी पाठक, मालेबाट अम्बिका लामिछाने, जनता समाजवादी पार्टी नेपालबाट हरिहर खतिवडा, राप्रपाबाट इन्दिरा न्यौपाने र लोकतान्त्रिक समाजवादी पार्टीबाट नानीमाया श्रेष्ठले उम्मेदवारी दर्ता गराएको सहायक निर्वाचन अधिकृत शर्माले बताए ।

स्वतन्त्रबाट सुरज पाण्डे र ध्रुवप्रसाद दाहालले उपप्रमुख पदमा उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# आयुर्वेदको गौरव-गरिमा

**वनौषधिले चमत्कार किन देखाउँदैन ?**

अन्य जीवधारीसरह वनस्पति पनि सजीव हुन्छ । अन्तर यतिमात्र हो कि त्यो हिंड्डुल गर्ने प्राणीसरह विचार व्यवहार गर्दैन। इन्द्रिय विकास नभएकोले उनीहरूले त्यस्तो गर्न सक्दैनन्। तर पनि उसको कलेवरमा उच्चस्तरीय संरचनाको प्रमाण रहेको परिचय पाइन्छ, यदि यस्तो हुँदैन भने वनस्पतिलाई खाएर प्रायः सबै जीवधारीले कसरी पोषण प्राप्त गर्छन् ? शरीरधारीले आफ्नो जीवनीशक्ति वनस्पतिबाट नै प्राप्त गर्छ। यहाँसम्म कि मांसाहारी प्राणीले पनि उसैको मासु खान्छ, जुन शाकाहारमाथि निर्भर रहन्छ, उसले पनि वनस्पतिबाटै आफ्नो पेट भर्छ।

सामान्य आहारमा घाँस स्तरको वनस्पति काम लाग्छ। रूखको पात पनि काम लाग्छ। तर विशिष्ट गुण–दोषबाट सम्पन्न वनस्पतिको संरचना यस प्रकार भएको छ कि उसको गन्ध तथा स्वाद प्राणीलाई खाने काममा नआओस् । वनस्पति बचिरहोस् र त्यस प्रयोजनलाई पूर्ति गरोस्, जसको लागि प्रकृतिले वनस्पतिलाई विनिर्मित गरेको छ । हानिकारक विषाक्त बोटबिरुवा पनि प्राणीलाई काम लाग्दैन। त्यो कुहेर खाद बन्छ। तर मान्छे आफ्नो बुद्धिमत्ता एवं शोध प्रक्रियाको सहाराबाट त्यसको सदुपयोग गर्न सक्छ । आधि–व्याधि निवारण एवं शक्ति संवर्धनको लागि विभिन्न उपाय उपचारको सहाराबाट मान्छेले प्रयोग गर्छ । यसै समुदायको वनस्पति वर्ग, वनौषधिको नामबाट जानिन्छ र विभिन्न प्रयोजनको लागि त्यसको उपयोग गरिन्छ ।

व्याधि निवारणको कुरा सामान्य चिकित्सकलाई पनि थाहा हुन्छ। उनीहरू जडीबुटीको सहाराबाट विभिन्न रोगको पनि उपचार गर्छन्। त्यसबाट जुन पौष्टिक तत्त्व पाइन्छन्, त्यसको प्रयोग बलवर्धनको लागि गर्छन्। यस प्रकार त्यसको शामक र संवर्धक गुणको उपयोग विभिन्न अवसरमा विभिन्न प्रकारले गरिन्छ । यदि सही वस्तुको सही रीतिबाट उपयोग गरिन्छ भने त्यसको उत्साहवर्धक प्रतिफल पाइन्छ।

तर सही वनस्पति न त भेटिन्छ, न त्यसको सही प्रकारले उपयोग गर्न सकिन्छ। सही वस्तु हुनुको तात्पर्य यो हो कि जुन औषधिको उपयोग गर्नुपर्ने हो, त्यो गुण त्यसमा छ कि छैन। भूमि र जलवायुको क्षेत्र, वीर्य कालावधिको आफ्नो प्रभाव हुन्छ, त्यहाँको अन्य वस्तुसरह वनस्पति पनि प्रभावित हुन्छ। त्यसलाई अन्यत्र पनि उब्जाउन सकिन्छ तर त्यो स्वाद र गुण पाइँदैन । वनस्पतिको पनि आफ्नै क्षेत्र हुन्छ ।

**अन्न, शाक आदि उत्पादनसरह वनौषधिको लागि फार्म बनाउनुपर्छ र त्यसमा प्रामाणिक वस्तु उब्जाउनुपर्छ । सुरक्षित राख्न कोल्डस्टोरको प्रयोग गर्नुपर्छ । निर्धारित अवधि बितेपछि त्यसलाई फाल्नुपर्छ । धेरैजसो औषधि विशेष भूमि तथा जलवायुमा उत्पन्न हुन्छन् ।**

चन्दनले सीमित क्षेत्रमा अभीष्ट सुगन्ध दिन्छ। त्यसलाई अन्यत्र पनि उब्जाउन सकिन्छ तर मलयागिरिजस्तो सुगन्धित हुन सक्दैन। गङ्गाको उद्गमबाट एउटा सीमित दूरीसम्म ब्राह्मी आफ्नो असली रूपमा भेटिन्छ। त्यसमा ती सबै गुण पाइन्छन्, जुन वर्णित गरिएको छ। तर दूरी बढ्दै गएपछि ब्राह्मीको पनि प्रकृति, आकृतिमा अन्तर हुन्छ । नहरको किनारमा पुग्दापुग्दै त्यसलाई मण्डूकपर्णी भनिन्छ । यस अन्तरलाई नबुझ्नेहरूले मण्डूकपर्णीलाई ब्राह्मीको रूपमा प्रयोग गर्छन्। जसले गर्दा त्यसको प्रभाव हुँदैन।

एकसरह मिल्दोजुल्दो रूप भएको अनेकौं वनस्पति हुन्छन्। जङ्गलबाट खनेर ल्याउने मजदूरले पनि त्यसको अन्तर बुझ्दैनन् भने पसलेले त्यो वनस्पति सुकेको, ओइलिएपछि कसरी वास्तविक पहिचान गर्न सक्छन् । कम परिश्रममा बढी कमाउने धुन सबैमा चढेको छ । असली वस्तु कम पाइन्छ । फोहर मिसिएको नकली वस्तु बढी भेटिन्छ । असली रत्न कमै भेटिन्छ, काँचको नगीना बढी पाइन्छ। यसै प्रकार उपयुक्त वनस्पति तोकिएको ठाउँमा मात्र भेटिन्छन् । सञ्जीवनी बुटी ल्याउन हनुमान हिमालयमा पुगे तर चिन्न नसकेपछि उनले पहाड नै उखेलेर ल्याए।

पसलमा यस्तै नकली मिसावट वस्तुको थुप्रो हुन्छ। चूर्ण, चक्की, अवलेह, अर्क आदि बनाउने औषधि निर्माता कम्पनीले पनि सूक्ष्मरूपले जाँच गर्दैनन्। पर्चामा लेखिएको औषधि पसलेले दिन्छन्, त्यसलाई कुटेर, छानेर इच्छित औषधि बनाएर रोगीलाई सेवन गराउँछौं । गुणविहीन भएकोले त्यसले लाभ दिंदैन।

सबैभन्दा महत्त्वपूर्ण कुरा वनौषधि परिपक्व स्थितिमा नै समग्र गुणबाट अभिपूरित हुन्छ । त्यसलाई काँचो स्थितिमा उखेलेर सुकाएर धेरै समयपछि प्रयोग गर्दा लाभ हुँदैन। वनौषधिको गुणको एउटा सीमित अवधि हुन्छ। साधारणतया उनीहरूको उपयोग अवधि छ महीनासम्मको हुन्छ । एउटा वर्षा ऋतु गएपछि त्यसले आफ्नो सम्पूर्ण विशेषता गुमाउँछ । तर पसलमा पाइने वनौषधी धेरै वर्ष पुरानो पाइन्छ। यसै सम्बन्धमा एलोपैथी औषधिको पनि समयसीमा हुन्छ। समय बितेपछि त्यसको गुण पनि समाप्त हुन्छ ।

वनौषधिको सेवनको सही तरीका यो हो कि उसलाई हरेक स्थितिमा कल्करूपमा चटनी वा ठन्डाइको रूपमा सेवन गर्नुपर्छ। सुकाएपछि क्वाथ बनाएर सेवन गर्नुपर्छ। तर यदि हरेक मौसममा त्यो भेटिंदैन भने वनौषधिलाई छायामा सुकाएर राख्नुपर्छ । कडा घाम र तेज हावाको कारण वनौषधिको गुण घट्छ । त्यस्तै वनौषधिलाई धूलोको रूपमा सेवन गर्नुपर्दा त्यसलाई मसिनो गरी पिस्नुपर्छ। निर्धारित समयसम्म घोटेपछि त्यसको सूक्ष्म शक्ति उत्पन्न हुन्छ । होमियोपैथी औषधिका निर्माता डिशेन पद्धतिमा यस तथ्यलाई निकै ध्यान दिइन्छ । यसैले उनीहरूको औषधि द्रव्यको दृष्टिले स्वल्प मात्रामा भएपनि फाइदा निकै दिन्छ ।

वनौषधिको क्षमतालाई जीवित राख्नु छ भने आयुर्वेदको प्रतिष्ठालाई अक्षुण्ण बनाइराख्नुपर्छ । समय, श्रम बढी खर्च गरेर भएपनि औषधिलाई प्रभावकारी बनाउनुपर्छ। शुद्ध र गुणकारी वस्तु केही महँगो हुन्छ तर गुणहीन वस्तु सस्तो हुन्छ।

गुणहीन औषधि निर्माण गर्दा सेवनकर्ताको मनमा त्यस औषधिप्रति अश्रद्धा, असन्तोष उत्पन्न गर्छ र विधा विज्ञापित भएर अरूले पनि उपेक्षा गर्छ। आयुर्वेदप्रेमी, औषधि निर्माता, विक्रेताले कुहिएको, कमसल, नक्कली वस्तुको प्रयोग गर्नुहुँदैन ।

अन्न, शाक आदि उत्पादनसरह वनौषधिको लागि फार्म बनाउनुपर्छ र त्यसमा प्रामाणिक वस्तु उब्जाउनुपर्छ । सुरक्षित राख्न कोल्डस्टोरको प्रयोग गर्नुपर्छ । निर्धारित अवधि बितेपछि त्यसलाई फाल्नुपर्छ । धेरैजसो औषधि विशेष भूमि तथा जलवायुमा उत्पन्न हुन्छन्। त्यस्ता औषधिलाई सोही ठाउँमा उब्जाउनुपर्छ। सङ्कलन गर्नेले औषधिको जरालाई नष्ट गर्नुहुँदैन। पाकेपछि त्यसको बीउ धर्तीमा खस्न दिनुपर्छ, यसो गर्दा पछि सो औषधि पुनः उम्रिन्छ र सिलसिला जारी रहन्छ । एकपटक उब्जाएपछि त्यसको सफाया गर्दा अर्को वर्ष सोही औषधि कसरी उम्रिन सक्छ ? जङ्गल, खेत जहाँ पनि औषधि उब्जाउँदा खानपानी, हेरचाहको समुचित व्यवस्था गर्नुपर्छ ।

यस्तो कार्य ठूलो मात्रामा गरे देश मात्र होइन, समस्त विश्वमा वनौषधिको आवश्यकता पूरा गर्न सकिन्छ । दिव्य गुण भएको वनौषधि तोकिएको स्थानमा नै उब्जाउनुपर्छ।

यो प्रक्रिया ब्रह्मवर्चस शोध संस्थान शान्ति कुञ्ज, हरिद्वारबाट शुभारम्भ भइसकेको छ। प्रमुख र महत्त्वपूर्ण वनौषधि यहाँ उब्जाइन्छ, सङ्ग्रहित गरिन्छ । त्यसको परिणाम पनि उत्साहवर्धक भइरहेको छ र वनौषधिप्रति लोक श्रद्धालाई पनि पुनर्जीवन दिन सकिन्छ।

# प्रशान्त महासागरको सालमन माछादेखि महीसम्म किनेर खान्छन् नेपाली

–रमेश लम्साल
काठमाडौं, १३ वैशाख/रासस

संसारकै सबैभन्दा स्वादिष्ट र महँगो मानिने सालमन माछासमेत नेपालमा आयात भएको पाइएको छ । प्रशान्त महासागरमा पाइने सो माछा संसारभर नै लोकप्रिय छ। नेपालमा वैदेशिक मुद्राको चाप परेको तथा कोरोना महामारीका कारण पर्यटक आवागमनसमेत कम भएका बेला नेपालमा भित्र्याइएको प्रशान्त महासागरको माछाबारे जिज्ञासा जाग्नु स्वाभाविकै हो ।

भन्सार विभागले सार्वजनिक गरेको चालू आवको नौ महीनाको विवरणमा दुई हजार ७१८ किलो सालमन माछा आयात भएको देखिन्छ ।

त्यस्तै, विभागको विवरण अनुसार सोही माछाको अन्य प्रकारसमेत गरी पाँच हजार ९५० किलो नेपाल भित्रिएको छ । अमेरिकी डलरको सञ्चिति कम भइरहेको बेला विदेशी नियोग वा होटल रेस्टुरेन्टले माछा आयात गरेको अनुमान गर्न सकिन्छ। ती माछाको आयात मूल्य एक करोड ९१ लाख ५४ हजार बराबर छ। उक्त माछाको आयातबाट सरकारले रु ५९ लाख १३ हजार बराबरको राजस्व प्राप्त गरेको छ ।

त्यस्तै, नेपाल आयात गरिने वस्तुमा एक रमाइलो विवरण हो, गङ्टा। चालू आवको नौ महीनामा एक हजार ८०० किलो गङ्टा नेपाल भित्रिएको छ । गाउँघरका खेतबारीमा पाइने र नेपालीको खास पहिचानसमेत नगरेको गङ्टालाई डरलाग्दो प्राणीका रूपमा लिइन्छ। उक्त जलप्राणीको आयात मूल्य १२ लाख ८२ हजार बराबर छ। त्यसबाट सरकारले रु तीन लाख ८४ हजार बराबरको राजस्व सङ्कलन गरेको छ। गङ्टा, सर्पको टाउको पनि नेपाल भित्रिएको छ । विभागका अनुसार नौ महीनाको अवधिमा ६२ किलो पैठारी भएको छ। त्यसको लागत मूल्य एक लाख २९ हजार बराबर छ । सरकारले रु ३९ हजार राजस्व सङ्कलन गरेको छ।

सुक्खा माछाको आयातको विवरण पनि त्यस्तै छ। विभागका अनुसार दुई लाख ९५ हजार ६१ किलो सुक्खा माछा आयात गर्दा सरकारले रु दुई करोड ९५ लाख दुई हजार बराबर राजस्व सङ्कलन गरेको छ। त्यस्तो माछाको आयात मूल्य नौ करोड ६६ लाख ८१ हजार बराबर छ।




नेपालमा बढी मात्रामा आयात हुनेमा क्याटफिससमेत देखिएको छ । नौ महीनाको अवधिमा तीन लाख ४८ हजार ७५० किलो क्याटफिसको आयात मूल्य आठ करोड ३९ लाख सात हजार बराबर छ । त्यसबाट सरकारले रु दुई करोड ५६ लाख पाँच हजार बराबर राजस्व सङ्कलन गरेको छ । माछाको मासु मात्रै पनि आयात भएको विभागको विवरणमा उल्लेख छ। नौ महीनाको अवधिमा आठ हजार किलो त्यस्तो मासु आयात भएको छ। त्यसको आयात मूल्य १८ लाख ८७ हजार रहँदा सरकारले रु पाँच लाख ७६ हजार बराबरको राजस्व सङ्कलन गरेको छ ।

टुनाफिस ९१० किलो नेपाल भित्रिंदा आयातकर्ताले रु २१ लाख ९९ हजार बराबर लागत मूल्य तिरेका छन् । त्यसबाट सरकारले रु ६ लाख ७१ हजार बराबरको राजस्व सङ्कलन गरेको छ।

विभागका अनुसार ५७ हजार १६८ किलो प्राउन नेपालमा पैठारी भएको छ। त्यसको लागत मूल्य तीन करोड ४८ लाख ६१ हजार छ । सरकारले राजस्व मात्रै रु एक करोड पाँच लाख २९ हजार सङ्कलन गरेको छ। झिङ्गेमाछा मात्रै तीन हजार २०० किलो आयात भएको छ । त्यसको लागत मूल्य एक करोड ३७ लाख एक हजार बराबर रहँदा रु ४१ लाख आठ हजार बराबरको राजस्व सङ्कलन भएको छ।

अर्को रमाइलो विवरण पनि छ। नेपालमा वैधानिक तवरबाटै २०० वटा कछुवा आयात भएको छ। त्यसको लागत मूल्य ८३ हजार छ र सरकारले रु २५ हजार राजस्वसमेत उठाएको छ।

**महीसमेत किनेर खाए**

घरभरि लैना बकेर्ना भैंसी पाल्ने, दैनिक नै भरपेट मही खाने नेपालीले पछिल्ला दिनमा त्यही महीसमेत विदेशबाट आयात गरेर पिउने गरेका छन्। गाउँमा कुनै युवा भेटिंदैनन्। वृद्धवृद्धाले चौपाया पाल्न सक्ने अवस्था छैन। खेतबारी बाँझो छ। शायद यसै कारण हुन सक्छ महीसमेत आयात गर्नुपर्ने अवस्था छ हाम्रो। भन्सार विभागका अनुसार चालू आवको नौ महीनाको अवधिमा नेपालीले दुई लाख १४ हजार लिटर मही खरीद गरेर पिएका छन्। नेपाल कृषिप्रधान देश भनिँदै आएको छ। ६५ प्रतिशत मानिस कृषिमा संलग्न रहेको सरकारी तथ्याङ्क पनि छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत बराबर छ। तर महीसमेत किनेर सेवन गर्नुपर्ने चरम परनिर्भर अवस्थामा नेपाली पुगेका छन्।

विभागका अनुसार महीको आयात मूल्य तीन करोड ६४ लाख ७२ हजार बराबर छ। त्यसबाट सरकारले रु एक करोड आठ लाख ९० हजार बराबर राजस्व सङ्कलन गरेको छ। बटर मिल्क मात्रै ११ हजार ८७५ लिटर आयात भएको छ । गोङ्ग हर्ट १६ हजार २०९ लिटर आयात भएको छ । स्वादजन्य दूध र क्रिम मात्रै दुई हजार ८२१ लिटर, हल्का दुग्धजन्य पदार्थ ९२ हजार २७६ लिटर नेपालमा पैठारी भएको छ। दूध पाउडर पाँच लाख ३६ हजार १०० लिटर, बच्चालाई खुवाउने दूध दुई लाख ४० हजार ७२० लिटर, दूध र क्रिम पाउडर फरक–फरक प्रकारका गरी १५ हजार लिटरभन्दा बढी आयात भएको छ।


त्यस्तै, बच्चालाई खुवाउने प्रशोधित दूध तीन लाख ७१ हजार ८९० लिटर, प्रशोधित दूध १२ हजार ४० लिटर, दूध (फ्याक्ट कन्टेन्ट) दुई हजार ५३८ लिटर तथा दूध र क्रिम ३९ लिटर आयात भएको छ । विभागका अनुसार सो अवधिमा रु एक अर्ब सात करोड १९ लाख ३० हजार बराबरको दूध तथा दुग्धजन्य पदार्थको आयात भएको देखिन्छ। नेपालमा नै व्यावसायिकरूपमा पशुपालन गर्न सकिए मात्रै पनि ठूलो धनराशि विदेशिनबाट जोगिन सक्थ्यो।

सरकारले विभिन्न जोन नै तय गरेर कृषि उपजको उत्पादनमा वृद्धि तथा चौपाया पालनमा प्रेरित गरे पनि त्यसको सकारात्मक नतीजा आएको देखिंदैन । सरकारले आगामी आवमा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राख्ने जनाएको छ। अर्थमन्त्री जनार्दन शर्माले आगामी बजेटमा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राख्ने बताइसकेका छन् । तर कार्यान्वयनको पाटो के कस्तो हुने हो भन्ने कुराले सबै कुरा निर्धारण गर्ने भएकाले यसै भन्न सकिने अवस्था भने छैन।

## फरक समाचार

# शरीरलाई किन तन्काउनुपर्छ ?

**कुनै खेलकूद कार्यक्रममा जाँदा हामीले कुनै खेलाडीले शरीरलाई तन्काइरहेको देख्छौं । त्यस्तै जिममा जाँदा कोचले हाम्रो शरीरलाई तन्काउन (स्ट्रेचिङ) गर्न भन्छन्। यदि तपाईंसँग समयको अभाव छ, खेलकूद तथा जिममा जान सक्नुहुँदैन भने स्ट्रेचिङलाई आफ्नो दिनचर्यामा सामेल गर्नुपर्छ।**



जानकारका अनुसार शरीर तन्काउँदा शरीरको तल्लो भागलाई ध्यान दिनुपर्छ, जस्तै खुट्टाको पछाडिको भाग काफ (पिंडली), हैमस्ट्रिक, पेल्भिसमा हीप फ्लेक्सर र तिघ्राको सामुन्ने क्वाड्रिसेप्स । यी सबै शरीरको भागले तपाईंलाई हिंड्डुल गर्न तथा सक्रिय बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। यसको अलावा काँध, घाँटी र पिठ्यूँको तल्लो भागलाई तन्काउँदा फाइदा हुन्छ।

विज्ञका अनुसार सधैं अथवा सातामा कमसेकम तीन/चार पटक स्ट्रेचिङ गर्न सुझाव दिइन्छ। स्ट्रेचिङले हिंड्डुल गर्न मात्र सहयोग गर्दैन पिठ्यूँको दुखाइ र दिनभरिको तनावलाई पनि कम गर्छ साथै निद्रालाई पनि सुधार्छ। शरीरलाई तन्काउनु किन आवश्यक छ, पाँच कारण थाहा पाउनुहोस्।

**ऊर्जाको स्तर बढाउँछः** यदि तपाईं बिहानको सुरुआत केही स्ट्रेचिङ कसरतबाट गर्नुहुन्छ भने यसबाट दिनभरि ऊर्जा र उत्पादकता बढ्छ । केही मिनेटको स्ट्रेचिङ, जसमा कुनै खेल वा सक्रियताको नक्कल गर्न सकिन्छ। यसले मस्तिष्कमा रक्तसञ्चार बढाउँछ, दिउँसोको सुस्तीलाई भगाउँछ।

**गतिमा सुधारः** स्ट्रेचिङबाट मान्छेको गतिलाई एउटा राम्रो दायरा पाउँछ, यसले हाम्रो काँधको ब्लेडलाई तन्काउन र माथिल्लो भागमा पुर्‍याउन मदत गर्छ। स्ट्रेचिङ त्यस लचिलोपनलाई बनाइराख्न मदत गर्छ, जुन बढ्दो उमेरसँगै कतै गायब भएको हुन्छ। यसको साथै जोर्नीको अकडन र दुखाइलाई रोक्न वा हराउन पनि मदत गर्छ।


**पूरै शरीरलाई फाइदाः** एउटा साधारण स्ट्रेचिङबाट रक्तसञ्चार, शरीरमा रक्तनलीको स्वास्थ्यमा सुधार गर्छ र मुटुरोगको जोखिमलाई पनि कम गर्न सक्छ। स्ट्रेचिङ घर, कार्यालय जहाँ पनि गर्न सकिन्छ। बसेर काम गर्दागर्दै घाँटी र अन्य जोर्नी दुखाइको समस्या छ भने बसेकै ठाउँमा शरीर तन्काउँदा निकै मदत पुग्छ र गम्भीर घाँटी, काँधको दुखाइलाई भगाउन सकिन्छ।

**सही सन्तुलनः** यदि तपाईं वृक्षासनजस्तो योग मुद्रा सजिलै गर्न चाहनुहुन्छ भने शरीरको सन्तुलनमा सुधार गर्नुपर्छ, जुन तन्काउँदा पाउन सक्छौं। शरीर तन्काउँदा मांसपेशी मात्र होइन, जोर्नीको पनि सन्तुलन सही हुन्छ।

**निद्राः** मांसपेशी तन्काउँदा क्यालोरी बर्न गर्न सकिन्छ । निद्रा सजिलै लाग्छ। रेस्टलेस लेग्स सिन्ड्रोमको दुखाइमा पनि राहत दिन्छ अथवा कम गर्छ। यस प्रकारको बिमारीको कारण तपाईंलाई राम्ररी राति निद्रा लाग्दैन।

# थाइराइड आई डिजिज के हो ?

हामीले थाइराइड रोगको बारेमा सुनेका छौं, जुन घाँटीलाई ग्रसित गर्छ तर थाइराइड रोगले आँखालाई पनि नराम्ररी प्रभावित गर्न सक्छ र धेरै प्रकारको समस्या उत्पन्न गर्छ। जसलाई थाइराइड आई भनिन्छ। यस रोगबाट ग्रस्त मान्छेको आँखाको मांसपेशी र कोशिका प्रभावित हुन्छ। यो रोग ओभरएक्टिभ थाइराइड यानी हाइपरथाइराइडिज्मको कारण हुन्छ। यदि यसको उपचार गराइएन भने आँखा बिग्रिन्छ। थाइराइड आई डिजिजको उपचार नेत्ररोग



विशेषज्ञ, एन्डोक्राइनोलोजिस्ट, सर्जन आदि विशेषज्ञले गर्छन्।

फोर्टिस हस्पिटल मुम्बईका कन्सल्टेन्ट एन्डोक्राइनोलोजिस्ट एन्ड डायबेटोलोजिस्ट डा श्वेता बुडयाल भन्छिन्, जसलाई ओभरएक्टिभ थाइराइड ग्लैन्ड यानी हाइपरथायराइडिज्म हुन्छ, उनीहरूलाई यो समस्या बढी हुन्छ, कहिलेकाहीं आँखा सुन्निने, परेलामा समस्या, आँखालाई चलायमान गर्दा दुख्ने, रातो हुन्छ । आँखाको गतिविधिलाई नियन्त्रण गर्ने मांसपेशी पनि सुन्निन्छ, दुख्छ। तर यस्ता समस्या थाइराइडको उपचार गराउँदा नियन्त्रण हुन्छ यद्यपि गम्भीर छ भने यसको उपचार भिन्दै हुन्छ। आँखा सम्बन्धित समस्या धेरै बढी हुन्छ भने स्टेरोइड औषधिबाट ठीक गरिन्छ। यदि उपचार सही ढङ्गले भएन भने आँखाको आकार ठूलो हुन्छ, वस्तु डबल देखिन्छ। थाइराइड आई डिजिज ९९ प्रतिशत मानिसमा हाइपरथाइराइडिज्ममा हुन्छ तर १/२ प्रतिशत मानिसमा यो हाइपोथाइराइडिज्ममा पनि हुन सक्छ।

**लक्षणः** डा श्वेता भन्छिन्, जब हाइपरथाइराइडिज्मको सुरुआत हुन्छ, त्यसपछि थाइराइड आई रोगको लक्षण देखिन्छ। दुर्लभ मामिलामा थाइराइडको समस्या भएको पाँच/दश वर्षपछि थाइराइड आई डिजिज हुन्छ। साधारणतया जसले धेरै धुम्रपान गर्छन्, उनीहरूलाई यो रोग हुने सम्भावना बढी हुन्छ। यस्ता व्यक्तिमा यो रोग गम्भीर हुन सक्छ र औषधिले पनि सही ढङ्गले उपचार गर्न सक्दैन। तर जसले धुम्रपान गर्दैनन्, उनीहरूमा औषधिको असर चाँडै हुन्छ।

**उपचारः** हलुका समस्या छ भने लक्षणात्मक उपचार दिइन्छ। आर्टिफिशियल टियर, आइड्रप, थाइराइड हार्मोन लेभलको मात्रालाई नियन्त्रण गर्ने, एन्टि–इन्फ्लेमेटरी औषधि आदि । तर समस्या गम्भीर छ, दृष्टि सही छैन भने स्टेरोइडको माध्यमबाट उपचार गरिन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरियामा कोभिड सङ्क्रमण बढ्दो, एकै दिनमा ८० हजारभन्दा बढी सङ्क्रमित

सोल, १३ वैशाख/सिन्हवा

दक्षिण कोरियामा कोभिड–१९ को सङ्क्रमण बढ्दो देखिएको छ। यहाँका अधिकारीहरूले दिएको जानकारी अनुसार गएको २४ घण्टाभित्र मात्र ८० हजारभन्दा बढी मानिसमा कोभिड सङ्क्रमण भएको छ।

दक्षिण कोरियाका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार गएको २४ घण्टा यतामात्र कम्तीमा ८० हजार ३६१ जना सङ्क्रमित भेटिएका छन्।

पछिल्ला हप्ताहरूमा कोभिडका सङ्क्रमित बढ्दै गएकाले अहिले १ करोड ७० लाख मानिसमा कोभिड सङ्क्रमण पुगेको पाइएको पनि समाचारमा जनाइएको छ। यहाँ अघिल्लो हप्तासम्म दैनिक कम्तीमा १ लाख मानिसमा कोभिड सङ्क्रमण सरेको पाइएको थियो। यो हप्ता भने कमी आएर ३४ हजारजनामा सङ्क्रमण पुगेको थियो।

सोमवार मात्र यहाँ कोभिडका सङ्क्रमित ८० हजार नाघेको बताइएको छ। तर पनि पछिल्ला दिनहरूमा कोभिडका सङ्क्रमितहरूको सङ्ख्या घट्दै गएको देखिएको अधिकारीहरूले जनाएका छन्। यहाँका यी सङ्क्रमितहरूमध्ये ६१३ जना सङ्क्रमितको अवस्था गम्भीर रहेको पाइएको पनि दक्षिण कोरियाका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्।

सङ्क्रमणबाट पछिल्लोपटक ८२ जनाको ज्यान गएको बताइएको छ। यहाँ अहिलेसम्म कोभिडबाट २२ हजार ३२५ जनाको ज्यान गएको बताइएको छ। दक्षिण कोरियाका स्वास्थ्य अधिकारीहरूले यहाँका कोभिड सङ्क्रमितहरूमा मृत्यु दर भने न्यून रहेको बताएका छन्।

**चीनको संघाईमा कोभिडका सङ्क्रमित बढ्दै**

संघाई/सिन्हवा

चीनको संघाईमा कोभिड–१९ का सङ्क्रमितहरू बढेको देखिएको छ। यहाँका अधिकारीहरूले कोभिड सङ्क्रमितहरू बढेको पाइएको जनाएका छन्। चीनका अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ सोमवार मात्र अर्थात् गएको २४ घण्टाभित्र १ हजार ६६१ जनामा सङ्क्रमण देखिएको छ।

यी सङ्क्रमितहरू संघाईमैं सङ्क्रमण भएका बताइएको छ। हाल संघाईमा मात्र १५ हजार ३१९ जना सङ्क्रमित रहेका छन्। चीनमा पछिल्ला केही समयमा चीनभित्रै सङ्क्रमित हुनेहरूको सङ्ख्या बढ्दो देखिएको छ। चीन सरकारले जनस्वास्थ्य मापदण्ड पालनामा कडाइ गरेको जनाएको छ।

यहाँको स्थानीय सरकारले संघाईमा मात्र सोमवार ५२ जनाको कोभिड सङ्क्रमणका कारण निधन भएको छ। ती ५२ जना सङ्क्रमितमा गम्भीर प्रकारको स्वास्थ्य समस्या रहेको पनि बताइएको छ। रासस

## रूसी विदेशमन्त्री सर्गेईद्वारा तेस्रो विश्वयुद्धको चेतावनी

मस्को, १३ वैशाख/एएनआई

रूसी विदेशमन्त्री सर्गेई लाभरोभले सोमवार युक्रेनले शान्ति वार्ताको पालना नगरेमा तेस्रो विश्वयुद्धको सम्भावना रहेको चेतावनी दिएका छन्।


रूसी विदेशमन्त्री सर्गेई लाभरोभ। तस्वीरः एएफपी

लाभरोभले विभिन्न रूसी समाचार एजेन्सीहरूसँग कुरा गर्दै शान्ति वार्तामा युक्रेनको दृष्टिकोणको आलोचना गरेको मस्को टाइम्सले उल्लेख गरेको छ। उनले भने, “सद्भावनाको सीमा हुन्छ। तर यदि यो पारस्परिक छैन भने यसले वार्ता प्रक्रियालाई मदत गर्दैन।”

टर्कीको इस्तानबुलमा रूस र युक्रेनबीच भर्खरै भएको बैठकमा लाभरोभले कीभले अघिल्लो अडानबाट बाहिरिएको सम्झौताको मस्यौदा प्रस्तुत गरेको उल्लेख गरेका छन्।

यसबाहेक लाभरोभले रूसले युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले तोकेको टोलीसँग वार्तामा संलग्न हुने कुरामा जोड दिएका छन्।

तर उनले जेलेन्स्कीले भने शान्ति वार्ताको नाटक मञ्चन गरिरहेको आरोप लगाएका छन्।

लाभरोभले तेस्रो विश्वयुद्धको खतरा बाहिर सुनिए जत्तिकै वास्तविक रहेको समेत चेतावनी दिएका छन्।

खतरा गम्भीर छ, र यो वास्तविक हो, उनले भने।

**जर्मनीले युक्रेनलाई ट्याङ्क वितरणको अनुमति दिने**

बर्लिन/एएफपी

जर्मनीले युक्रेनलाई ट्याङ्कहरू पठाउने अधिकार दिने एक सरकारी स्रोतले मङ्गलवार एएफपीलाई बताएको छ। योसँगै कीभको लागि सैन्य समर्थनमा बर्लिनको सतर्क नीतिमा स्पष्ट परिवर्तन हुनेछ।

यो पुष्टि मङ्गलवारपछि रमस्टेनको अमेरिकी एयरबेसमा रक्षामन्त्रीहरूको अन्तर्राष्ट्रिय बैठकमा घोषणा हुने स्रोतले बताएको छ। रासस

## एलन मस्कले ४४ अर्ब अमेरिकी डलरमा ट्विटर किन्ने सहमति

न्यूयोर्क १३ बैशाख/एएफपी

सामाजिक सञ्जाल ट्विटरको सञ्चालक समिति (बोर्ड) ले ४४ अर्ब अमेरिकी डलरमा उक्त कम्पनी अधिग्रहण गर्ने अर्बपति एलन मस्कको प्रस्तावमा सहमत भएको छ। मस्कले दुई साताभन्दा कम समयअघि सबैलाई चकित पार्दै ट्विटरको बोली लगाउँनु भएको छ।

सन् २००६ को मार्चमा यसको स्थापनापछि, ट्विटरले २१ करोड ७० लाख दैनिक सक्रिय प्रयोगकर्ताहरू जम्मा गरेको छ। ती मध्ये ८० प्रतिशत भन्दा बढी संयुक्त राज्य अमेरिका बाहिरका रहेका छन्। ट्विटरले २०१७ को अन्त्यसम्म नाफाको लिन सकेन। यद्यपी ट्विटरले गत वर्ष २२ करोड १० लाख अमेरिकी डलर बराबरको रकम घाटा भएको बताएको थियो।

हालको अवस्थामा ट्विटरमा “व्यापक सम्भावना“ रहेको र ती सम्भावनाका ढोकाहरूलाई आफूले खोल्ने मस्कले बताउनु भएको छ। उहाँले नक्कली खाताहरूलाई हटाउने तथा कैयौ प्रतिबन्धहरूलाई खुकुलो पार्नेसम्मका धेरै परिवर्तनहरूका लागि पनि आहवान गर्नु भएको छ। कम्पनीले शुरूमा मस्कले लगाएको बोलीलाई अस्वीकार गरेको थियो।


एलन मस्क। तस्वीरः एजेन्सी

फोर्ब्स पत्रिकाकाअनुसार मस्क विश्वका सबैभन्दा धनी व्यक्ति हुन्नुहुन्छ। उहाँको अनुमानित सम्पत्ति २७३.६ अर्ब डलर रहेको छ। उहाँ विद्युतीय सवारीसाधन निर्माता टेस्ला कम्पनीको मुख्य शेअरधनी हुन्नुहुन्छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – आरोग्यता | वृष – पदोन्नति |
| मिथुन – अस्वस्थता | कर्कट – कष्टानुभूति |
| सिंह – नारीसुख | कन्या – कडाश्रम |
| तुला – चोरभय | वृश्चिक – वाहनकष्ट |
| धनु – मित्रमिलन | मकर – अतिथिआगमन |
| कुम्भ – अन्नलाभ | मीन – व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**बालबालिकाकालाई समयमैं विद्यालय पठाऔं, उनीहरूको उज्ज्वल भविष्य बनाऔं।**

वीरगंज महानगरपालिका कार्यालय



**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन् १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## कलैयामा गठबन्धनका राजेश र प्रमोदसँग एमालेका विनोद र रौशनको टक्कर

प्रस, परवानीपुर, १३ वैशाख/

बारा सदरमुकाम कलैयामा पनि सत्तारूढ ५ दलीय गठबन्धन र प्रमुख प्रतिपक्ष नेकपा एमालेका उम्मेदवारबीच रोचक प्रतिस्पर्धा हुने भएको छ। कलैयामा ५ दलीय गठबन्धनका तर्फबाट काङ्ग्रेसले नगर प्रमुखमा र जसपाले उपनगर प्रमुखमा टिकट पाउने निर्णय भएको थियो। सोही अनुसार कलैयाको मेयरमा काङग्रेस बारा सभापति तथा निवर्तमान मेयर राजेशराय यादव र उपमेयरमा जसपाका केन्द्रीय सदस्य प्रमोदप्रसाद गुप्ताले उम्मेदवारी दर्ता गराएका छन्। कलैयास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर दुवैले दलबलका साथ उम्मेदवारी दर्ता गराएका थिए।



त्यसैगरी सत्तारूढ गठबन्धनका उम्मेदवारलाई टक्कर दिन नेकपा एमालेले नगर प्रमुखमा नेकपा एमाले बाराका अध्यक्ष विनोद साहलाई नगर प्रमुखमा र एमालेकी मुस्लिम महिला नेत्री रौशन परवीनलाई उपनगर प्रमुखमा टिकट दिएको छ। दुवैले जुलूसका साथ मेयर र उपमेयरको उम्मेदवारी दर्ता गराएका छन्।

गठबन्धनबाट दुई दलले दुवै पुरुष उम्मेदवार अघि सारेका छन् भने एमालेले महिला तथा मुस्लिमको मत तान्न मुस्लिम महिलालाई टिकट दिएको बताइएको छ।


तस्वीरः प्रतीक

**जितपुरसिमरामा माओवादीका राजन र मेघासँग एमालेकी सरस्वती र भोलाको प्रतिस्पर्धा**

बारा, जितपुरसिमरा उपमहानगर पालिकामा ५ दलीय गठबन्धन र नेकपा एमालेबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ।

वीरगंज–पथलैया औद्योगिक करिडर तथा बाराको थरूवान र जङ्गल क्षेत्र पर्ने जितपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखमा गठबन्धनका तर्फबाट नेकपा माओवादी केन्द्रका राजन पौडेल र उपप्रमुखमा नेपाली काङ्ग्रेसकी मेघा शाहीले उम्मेदवारी दर्ता गराएका छन्। निर्वाचन अधिकृतको कार्यालयमा पुगेर पौडेल र शाहीले उम्मेदवारी दर्ता गराएका थिए।

अघिल्लो स्थानीय तहमा माओवादीले धेरै वडा जितेको थियो। त्यसैले प्रमुखमा माओवादीले गठबन्धनको तर्फबाट टिकट पाएको हो। त्यसैको आधारमा केन्द्रीय गठबन्धनले गरेको निर्णय अनुसार नेकपा माओवादी केन्द्रले प्रमुख र नेपाली काङ्ग्रेसले उपप्रमुखमा उम्मेदवारी दिएका हुन्।

गठबन्धनका उम्मेदवारलाई टक्कर दिन नेकपा एमालेका तर्फबाट नगर प्रमुखमा निवर्तमान उपमेयर सरस्वती चौधरी र उपप्रमुखमा भोला अधिकारीले उम्मेदवारी दर्ता गराएका छन्।

यस अघि एमालेका जिल्ला नेता मनोज पौडेलको प्रमुखमा टिकट पाउने दाबी थियो। तर पार्टीले थारू भोटलाई मध्यनजर राख्दै तथा गठबन्धनको उम्मेदवारलाई कडा टक्कर दिन थारू समुदायकी सरस्वती चौधरीलाई नगर प्रमुखको टिकट दिएको छ।



तस्वीरः फाइल

## लुबाट बच्न मन्त्रालयको आग्रह

काठमाडौं, १३ वैशाख/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तातो हावा (लु)बाट जोगिन आग्रह गरेको छ।

गर्मीयाम बढेसँगै तराईमा तातो हावा चल्न थालेकाले मन्त्रालयले सूचना जारी गर्दै लुबाट बच्न दिउँसो घरबाट ननिस्कन आग्रह गरेको छ।

बाहिर निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने, फलफूलको रस वा पानी पिउने, धेरै पसिना आएमा कहिलेकाहीं जीवनजल पिउने, चीसो पानीले नुहाउने, खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने, चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने, चिया, कफी, सोडाजस्ता पेयपदार्थ नपिउने भनिएको छ।

तातो हावाबाट श्वासप्रश्वासमा असर पर्ने, रक्तचाप कम हुने, शरीरबाट पिसिना निस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, अचेत हुने, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी हुनाका साथै छाला सुक्खा, रातो र तातो हुने गर्दछ।

## १५ दिने अभिनय कार्यशाला शुरू

प्रस, वीरगंज, १३ वैशाख/

भोजपुरी प्रतिष्ठान, वीरगंजको आयोजनामा १५ दिने अभिनय कार्यशाला सोमवारदेखि शुरू भएको छ।




प्रतिष्ठानका कार्यकारिणीसभा सदस्य तथा अभिनय कार्यशालाका संयोजक कामेश्वर चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा प्रशिक्षक सरिता साहले यस प्रकारको कार्यक्रमले अभिनय क्षेत्रको विकास हुने बताइन्।

रङ्गकर्मी साह लघुफिल्म निर्माणमा चर्चित छिन्। उनले प्रशिक्षार्थीहरूलाई यस मौकाको सदुपयोग गर्नुपर्ने सुझाव दिइन्।

फिल्म निर्माता बुद्धिप्रसाद पन्त (हरि)ले विगतमा वीरगंजमा बसेर नेपाली चलचित्र निर्माण गर्दा मुख्य कलाकार, साना पात्र, प्राविधिक, स्टुडियोलगायत सबै वस्तुको लागि काठमाडौंमाथि निर्भर हुनुपरेको बताए।

प्रतिष्ठानका कार्यकारिणीसभा सदस्य अजमत अलिले प्रतिभाहरूलाई उजागर गर्न खोजेको बताए।

कार्यक्रममा भोजपुरी अभियानकर्मी नीरज मिश्र, प्रतिष्ठानका कार्यकारिणीसभा सदस्यहरू अनीता साह, रितेश त्रिपाठी, ऋतुराज, अशोक कुशवाहालगायतले मन्तव्य राखेका थिए। कार्यशालामा महिला र पुरुष गरी १५ जना प्रशिक्षार्थी सहभागी छन्।


**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD637AE79K2E00, इन्जिन नं AE7EK2000154 भएको प्र२–०३–००१प २२३४ नम्बरको टिभिएस कम्पनीको अपाचे RTR 160 १६० सिसीको मोटरसाइकल २०७८/१२/१४ गते दिउँसो २:३० बजे पर्साको जगरनाथपुर गापा–४ बाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालयमा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**पवनकुमार लम्साल**
बारा, निजगढ नगरपालिका–७
हालः हेटौंडा उपमहानगरपालिका–७

# कालिकामाई गापाका उम्मेदवारहरू

प्रस, वीरगंज, १३ वैशाख/

पर्सा, कालिकामाई गाउँपालिकाको अध्यक्षमा २५ जना र उपाध्यक्ष पदमा आठजनाले मनोनयन दर्ता गराएका छन्। गापा अध्यक्षको लागि विभिन्न राजनीतिक दलबाट आठजनासहित २५ जना र उपाध्यक्ष पदमा राजनीतिक दलबाट छजनासहित आठजनाले मनोनयन दर्ता गराएको निर्वाचन अधिकृत प्रकाश कोइरालाले जानकारी गराएका छन्।



गापा अध्यक्षको लागि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट प्रभुलालप्रसाद चौरसिया, नेपाली जनता दलबाट दिनेश साह कानू, नेपाल सुशासन पार्टीबाट बलराम तिवारी (दीपु), नेपाली काङ्ग्रेसबाट अजय कुमार, नेकपा एमालेबाट राजेशकुमार चौरसिया, नेकपा माओवादी केन्द्रबाट महिन्द्र राउत कुर्मी र नेपाल जनता पार्टीबाट मधुलाल महतोले मनोनयन दर्ता गराएको निर्वाचन अधिकृत कोइरालाले बताए।

गापा अध्यक्षमा स्वतन्त्रबाट सन्तोष पडित कुम्हाल, विकासकुमार गुप्ता, गोपालप्रसाद बरै, राजुप्रसाद यादव, तबरेज खाँ पैठान, तबरेज आलम, सञ्जय चौहान, ओमप्रकाशप्रसाद तेली, रजाकराउत गद्दी, मंशी साह गोढ, रामबाबू गिरी, सञ्जयकुमार चौरसिया, सङ्गीतादेवी कुर्मी, राधेश्यामप्रसाद कुर्मी, प्रभुराउत कुर्मी र दिनेशप्रसाद कुर्मीले मनोनयन दर्ता गराएका छन्।

स्वतन्त्रबाट अधिकांशले प्रतिनिधि बन्नको लागि र मतदान केन्द्रमा प्रवेश गर्न पाउने उद्देश्यले मात्र मनोनयन दर्ता गराएको बुझिन्छ।

यसअघि आइतवार गापा अध्यक्षको लागि जसपाबाट वशिष्ट कुमार र स्वतन्त्रबाट राजेश साह तेलीले मनोनयन दर्ता गराएका थिए।

गापा अध्यक्षको लागि दलबाट आठजनासहित २५ जनाको मनोनयन दर्ता भएपनि मुख्य चार दलबीच प्रतिस्पर्धा हुने बताइन्छ। एमाले, काङ्ग्रेस, जसपा र सुशासन पार्टीका उम्मेदवारबीच प्रतिस्पर्धा हुने बताइन्छ।

गापा उपाध्यक्ष पदमा लोसपाबाट अनीता देवी, एमालेबाट अंशु आनन्द तिवारी, काङ्ग्रेसबाट राजमती बरैनी, सुशासन पार्टीबाट नीतु कुमारी, माओवादी केन्द्रबाट मुनीदेवी हजरा, स्वतन्त्रबाट राधाकिशुनप्रसाद बरै र शीलादेवी कुशवाहाले मनोनयन दर्ता गराएका छन्। यसअघि आइतवार उपाध्यक्षमा जसपाबाट सोहानी खातुनले मनोनयन दर्ता गराएकी थिइन्।

जसपाबाट वडाध्यक्षमा लालबाबू राउत बरै, ताजिन्द्र साह कलवार, सञ्जयकुमार पटेल, हरिओम साह कलवार, लोसपाबाट रामजीत ठाकुर लोहार, माधोप्रसाद कुशवाहा, राजदेव साह गोढ, अनीता तिवारी, सुशासन पार्टीबाट टङ्कराज महतो कोइरी, सफराज आलम खाँ पैठान, दिनेशप्रसाद कुर्मी, करिमन साह तेली, शिव महतोले मनोनयन दर्ता गराएका छन्।

वडाध्यक्षमा नेपाली काङ्ग्रेसबाट सञ्जय प्रसाद, रामराजप्रसाद चौरसिया, रामशिषप्रसाद बरई, सञ्जयकुमार साह, माधोकुमार चौहान, नेकपा एमालेबाट मोतीलालप्रसाद कुर्मी, सोनालालप्रसाद चौरसिया, राजेशप्रसाद कुर्मी, जीतेन्द्रकुमार गुप्ता, हनिफ मियाँ, माओवादी केन्द्रबाट नरेशराउत कुर्मी, नेहाल खाँ पैठान, अमरदीप पटेल कुर्मीले मनोनयन दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

गापा अन्तर्गत पाँचवटा वडाको अध्यक्ष पदमा १६ जना स्वतन्त्रसहित ४९ जनाले मनोनयन दर्ता गराएको प्रमुख प्रशासकीय अधिकृत अमितकुमार गिरीले जानकारी गराएका छन्।

# पोखरियामा एकै दिन ३२ क्विन्टल बोइलर खपत

प्रस, पोखरिया, १३ वैशाख/

पोखरिया नगरपालिकामा सोमवार एकै दिन ३२ क्विन्टल बोइलर कुखुराको मासु खपत भएको छ।




पोखरियामा बोइलर कुखुराका दुईवटा थोक विक्रेता र १२ वटा मासुपसलहरू छन्। यी ठाउँबाट एकै दिन ३२ क्विन्टल बोइलर कुखुरा खपत भएको हो। हिजो स्थानीय तह निर्वाचनको लागि मनोनयनपत्र दर्ताको अन्तिम दिन थियो। पहिलो दिन खासै बिक्री भएन तर दोस्रो दिन भ्याइनभ्याइ भएको कुखुरापसले गौरीशङ्कर साहले बताए। उनले एकैजनाले सो परिमाणको कुखुराको मासु दिन नसकेको कारण १२ वटै पसलेले दामासाही जिम्मेवारी वहन गरेका थिए।

एउटा दलले पाँचदेखि सात क्विन्टलसम्म कुखुराको मासु खरीद गरेको थियो। मनोनयनपत्र दर्ता गर्न आएकाहरू र आफ्ना कार्यकर्ता, शुभचिन्तकहरूलाई खुवाउनको लागि पोखरिया नगरपालिकामा मात्र यतिधेरै बोइलर कुखुरा बिक्री भयो भने अन्य १३ वटा पालिकामा कति बिक्री भयो सहज अनुमान गर्न सकिन्छ।

# दुर्घटनामा तीनजनाको मृत्यु

जनकपुर, १३ वैशाख/रासस

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–५ सिन्धुलीटोलमा मङ्गलवार बिहान ट्रकमा मोटरसाइकल ठोक्किंदा तीनजनाको मृत्यु भएको छ।

ना.२ख ८६२४ नम्बरको ट्रकमा लु.८३प ८६५१ नम्बरको मोटरसाइकल ठोक्किंदा मोटरसाइकलमा सवार तीनैजनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका–४ का १९ वर्षीय सुमित टिबडेवाल र धनुषाकै विदेह नगरपालिका–६ का २२ वर्षीय अविनाश मण्डलको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाका प्रहरी निरीक्षक चन्द्रभूषण यादवले जानकारी दिए। मृतक एकजनाको सनाखत हुन नसकेको प्रहरीले जनाएको छ।




दुर्घटनामा परेर गम्भीर घाइते भएका तीनैजनालाई उपचारका लागि तत्काल जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा ल्याइएको थियो। उपचारकै क्रममा तीनैजनाको मृत्यु भएको प्रहरीको भनाइ छ।

# मुख्यमन्त्रीकी पत्नी उपाध्यक्षको उम्मेदवार

प्रस, वीरगंज, १३ वैशाख/

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीकी पत्नी जलेखा खातुनले जगरनाथपुर गाउँपालिकामा उपाध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएकी छन्।

खातुनले सोमवार निर्वाचन कार्यालयमा मनोनयनपत्र दर्ता गराएकी हुन्। उनले पति मुख्यमन्त्री रहेको जनता समाजवादी पार्टीबाट उपाध्यक्षमा उम्मेदवारी दिएकी हुन्।



यसअघि जसपाबाट गत स्थानीय चुनावमा बिसमिल्लाह खातुन विजयी भएकी थिइन्। यसपटक उनलाई टिकट नपाउने भएपछि नेकपा माओवादी केन्द्रमा प्रवेश गरी सोही पार्टीबाट उम्मेदवार बनेकी छन्।

# बोइलर कुखुरा बरामद गरी नष्ट

प्रस, वीरगंज, १३ वैशाख/

सशस्त्र प्रहरी बल बोर्डर आउटपोस्ट सबैठवाले ७० वटा बोइलर कुखुरा बरामद गरेको छ।

भारतबाट खुला सीमाको फाइदा उठाएर भित्र्याइएको ७० वटा बोइलर कुखुरा अन्दाजी १५० किलो बरामद गरेको र सरोकारवालाहरूको उपस्थितिमा नष्ट गरिएको सशस्त्र प्रहरी नायब निरीक्षक इन्द्रबहादुर सापकोटाले बताए। सो बोइलर कुखुरा पकाहामैनपुर गाउँपालिका–५ लक्ष्मीपुरबाट बरामद गरिएको हो। साइकलमा ल्याउँदै गर्दा प्रहरीलाई देखेर साइकल चालक फरार भएको सशस्त्र प्रहरीले जानकारी गराएको छ।

## पोखरिया.......

छन्।

लोसपाका नेता नेजामुद्दीन समानीले लामो सङ्घर्षपछि पोखरिया अस्पतालमा शल्यक्रिया सेवा सञ्चालन भएको र यस भेगका मानिसहरू खुशी भएको बताए। उनले शल्यक्रिया गराउन वीरगंज जानुपर्ने अवस्था अब रोकिएको जानकारी गराए।

# दुई महिलासहित २६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १३ वैशाख/

नेपाल राष्ट्र बैंक, वीरगंज शाखाको आयोजनामा मङ्गलवार भएको रक्तदान कार्यक्रममा दुईजना महिलासहित २६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।




राष्ट्र बैंकमा आयोजित रक्तदान कार्यक्रममा ऋतु गुप्ता, प्रमिला लामिछाने, रवीन्द्र मल्लिक, निशान्त प्रधान, राकेश साह, पूजन भट्टराई, लक्ष्मण रौनियार, कृष्ण भट्ट, नरेश सर्राफ, वीरेन्द्र जयसवाललगायतले रक्तदान गरेका थिए।

## जीराभवानी गापा....

जनाएको छ।

वडा नं ३ को अध्यक्षमा नेकाबाट सुरजराय थारू, माओवादीबाट कृपाचार्य राय, लोसपाबाट जीतेन्द्र महरा चमार, नेकपा एसबाट भोला महतो थारू गरी चारजनाको मनोनयनपत्र दर्ता भएको छ।

वडा नं ४ को अध्यक्षमा नेकाबाट रामेश्वरदास थारू, एमालेबाट अर्जुनदास थारू, नेकपा एसबाट बिगा दिस्वा थारू, जसपाबाट विद्यानन्दमहतो थारू, नेकपा एसबाट राजबली यादवले उम्मेदवारी दर्ता गराएका छन्।

वडा नं ५ मा अध्यक्ष पदमा नेकाबाट दारासिंह राउत थारू, एमालेबाट बृजमोहन गौरो, माओवादीबाट रामाकान्त चौधरी, जसपाबाट जयनारायण दास, र नेसुपाबाट कुशेश्वर घिमिरेले मनोनयनपत्र दर्ता गराएका छन्।

जीराभवानीमा कुल १२२ जना उम्मेदवारले मनोनयनपत्र दर्ता गराएको निर्वाचन कार्यालयले जनाएको छ।

## ठोरी गापा......

माओवादी केन्द्र त्यागेर जसपामा प्रवेश गरेका उनी निवर्तमान वडाध्यक्षसमेत हुन्।

वडा नं २ मा माओवादीबाट यादवराज कुँवर, एमालेबाट नरबहादुर क्षत्री, काङ्ग्रेसबाट अमृतकृष्ण सापकोटा तथा जसपाबाट केशव पन्तको वडाध्यक्ष पदमा उम्मेदवारी परेको छ। यस्तै, जसपाका उम्मेदवार पन्त काङ्ग्रेस त्यागेर जसपाबाट टिकट हात पार्न सफल भएका छन्।

टिकट वितरणमा असन्तुष्ट सो वडाका नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ताहरूले बागी उम्मेदवारका रूपमा स्वतन्त्र उम्मेदवारी दिएका छन्। वडाध्यक्ष पदमा एमालेका देवजङ्ग पण्डित र काङ्ग्रेसका अर्जुनबहादुर बस्नेतले बागी उम्मेदवारी दिएका हुन्।

वडा नं ३ को अध्यक्षमा माओवादीले निवर्तमान वडाध्यक्ष सूर्य लामालाई दोहोऱ्याएको छ भने काङ्ग्रेसबाट पन्नालाल विष्ट र एमालेबाट यसअघिका उम्मेदवार शम्भु खड्का उठेका छन्। यस्तै, सो वडामा राप्रपाबाट रामबहादुर खड्का, जसपाबाट भीमबहादुर पाख्रिन र स्वतन्त्रमा रामकाजी श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन्। स्वतन्त्र उम्मेदवार श्रेष्ठ माओवादी केन्द्रबाट टिकट नपाएपछि बागी उठेका हुन्।

उता वडा नं ४ मा जसपाका रामबहादुर पाख्रिनबाहेक तीनवटै मुख्य दलले युवा उम्मेदवारहरूलाई वडाध्यक्षमा उठाएका छन्। एमालेबाट मानबहादुर थिङ (रोकेन), काङ्ग्रेसबाट टीकाराम (हीरा) श्रेष्ठ, माओवादीबाट उम्मेदवार बनेका सागर लामा तीनैजना ३५ वर्षभन्दा कम उमेरका युवाहरू हुन्।

यस्तै, वडा नं ५ को अध्यक्षमा काङ्ग्रेसबाट विमल खड्का, एमालेबाट सुन लामा, माओवादीबाट अष्टबहादुर लोप्चन, जसपाबाट विमल प्रधान र लोसपाबाट सन्तोष मोक्तानले उम्मेदवारी दिएका छन्। लोसपाबाट वडाध्यक्ष पदका प्रत्याशी बनेका लोसपाका उम्मेदवार मोक्तान ठोरीमा सबैभन्दा कान्छो उमेरको उम्मेदवार रहेको निर्वाचन अधिकृतको कार्यालय, ठोरीले जनाएको छ। निर्वाचन अधिकृतको कार्यालयले प्रकाशन गरेको उम्मेदवारी सूचीमा उनको उमेर ३० वर्ष उल्लेख छ।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



**स्वदेशी उत्पादन, उद्योगी र व्यवसायलाई प्रवर्द्धन गरौं।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गरौं,
- रोजगारको सिर्जना हुने खालका उद्योग, व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- विलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड